# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

सामाजिक अध्ययनका सन्दर्भमा यसको ऐतिहासिक पृष्ठभूमि नियालेर अध्ययन गर्दा यसको सुरुवात प्राचीन समयमा गुरुकुल शिक्षा व्यवस्थामा शिष्यहरूलाई आध्यात्मिक र नैतिक शिक्षाअन्तर्गत सामाजिक जीवनका अनेकौं पक्ष समेटी प्रवचन र ज्ञान दिने गरिन्थ्यो । यो परम्परा संसारको प्रत्येक क्षेत्र, देश र संस्कृतिमा देख्न पाइन्छ । तर आधुनिक समयमा विधिवत रूपले विद्यालय स्तरीय पाठ्यक्रममा सामाजिक अध्ययन विषयलाई समावेश गरिएको इतिहास त्यती लामो छैन । सर्वप्रथम अेमरिकाले सामाजिक अध्ययनलाई पाठ्यक्रममा समावेश गर्नुको लागि अग्रणी भूमिका खेलेको पाइन्छ । सन् १८२० को दशकमा कुनै विद्यालयहरूमा इतिहासको पठनपाठन सुरु भयो र त्यसको एक दशक पछि भूगोल पनि थपियो । यसैगरी सन् १८६० को दशकदेखि मात्र विद्यालय स्तरमा राजनीतिशास्त्र र अर्थशास्त्रको पठनपाठन भएको थियो । विसौं शताब्दिको प्रारम्भदेखि नै माध्यमिक र निम्न माध्यमिक तहमा इतिहास, भूगोल र नागरिकशास्त्रले लोकप्रिय विषयको रूपमा मान्यता पाउन थाल्यो । यसको साथसाथै कतिपय विद्यालयहरूमा अर्थशास्त्रको शिक्षण पनि आरम्भ भयो ।

प्रथम विश्वयुद्धपछि समाजशास्त्र विषयलाई विद्यालयस्तरीय विषयको रूपमा समावेश गरिएको थियो । माथि उल्लेख गरिएका इतिहास, भूगोल नागरिकशास्त्र, अर्थशास्त्र तथा समाजशास्त्र विषयहरू सामाजिक अध्ययनका बहुविषयक वा भिन्न विषयहरू हुन् । तर सामाजिक अध्ययन एक एकीकृत र अन्तरविषयकको रूपमा सन् १८९२ देखि मात्र भयो । यस क्रममा सामाजिक अध्ययनलाई विषयको मान्यता प्रदान गर्न यसअन्तर्गत अर्थशास्त्र, राजनीतिशास्त्र र इतिहासका विषयवस्तु समावेश गरी पाठ्यक्रम तयार गरिएको थियो । सन् १९११ मा सामाजिक अध्ययन विषयमा समाजशास्त्र विषयलाई पनि समावेश गरिएको थियो । सन् १९१६ मा माध्यमिक शिक्षाको पुनगर्ठनसम्बन्धी राष्ट्रिय शिक्षा आयोगको सामाजिक अध्ययन समतिकिो प्रतिवेदनले सिफारिस गरे बमोजिम यस विषयलाई सरकारी स्तरमा मान्यता दिने कार्य भयो । त्यसपछि सन् १९२१ म यस विषयबारे विस्तृत छलफल र अधययनको लागि एउटा राष्ट्रिय परिषदको स्थापना गरियो । सन् १९३७ मा परिषद्बाट “सोशल एजुकेशन” नामक पत्रिकाको प्रकाशन पनि प्रारम्भ भयो । द्वितीय विश्वयुद्धको कारण यस कालमा सामाजिक अध्ययनको सम्बन्धमा त्यति विकास हुन सकेन । विश्वयुद्ध समाप्त भएपछि सामाजिक अध्ययनसम्बन्धी पत्रपत्रिका र पुस्तकहरूको प्रकाशन धेरै मात्रामा हुन थाल्यो । अनेकौं संस्थाहरूको स्थापना भयो र विभिन्न किसिमका प्रयोगहरू पनि भए । त्यसकारणले सन् १९२१

देखि सन् १९५५ को अवधिलाई अमेरिकामा सामाजिक अध्ययनको युग भनिन्छ । यसरी अमेरिकामा यस विषयको उत्पत्ति र विकास भयो र विद्यालयमा यसले महत्त्वपूर्ण स्थान लियो ।

### १.१.१ **नेपालको सन्दर्भ**

नेपालमा सामाजिक शिक्षालाई पाठ्यक्रममा समावेश गराइने कार्यक्रम राष्ट्रिय शिक्षा आयोग २०११ ले सिफारिस गऱ्यो । यसै अनुरूप प्राथमिक शिक्षामा सामाजिक शिक्षा विषयको पाठ्यक्रम कलेज अफ् एजूकेशन मा समावेश गरिएको थियो । पाठ्यक्रममा सर्वप्रथम प्रयोगका रूपमा ल्यावोरेटरी स्कूलमा ल्याइएको थियो । वि.सं. २०१७ सालदेखी सामाजिक शिक्षा प्राथमिक शिक्षाको पाठ्यक्रममा समावेश भयो । त्यसपछी वि.सं. २०१८ सालमा आएर सर्वाङ्गिन राष्ट्रिय शिक्षा समितिले विषयवस्तु हेरफेर गर्न सिफारिस गऱ्यो । जस अनुसार आवश्यक संसोधन साथै शिक्षा मन्त्रालय शिक्षा विभागले प्राथमिक पाठ्यक्रममा समाबेश गरी आधिराज्यका पाठशालाहरूमा शिक्षा दिईन थालिएको पाइन्छ । यस अघि राष्ट्रिय उद्देश्यसँग मेल नखाने तथा सामाजिक आवाश्यकता अनुरूप तयार नगरीएको इतिहास, भूगोल विषय प्राथमिक विद्यालयमा पढाइ हुन्थ्यो । पाठ्यक्रम निर्माण नगरी पाठ्यपुस्तकको भरमा मात्र पढाइ हुन्थ्यो । शिक्षणमा एकरूपता थिएन । सो हटाई इतिहास, भूगोल र नागरिकशास्त्रबाट आवश्यक विषयवस्तु सन्तुलित रूपमा लिएर समन्वयात्मक रूपमा सामाजिक शिक्षाको पढाइ हुन थालेको हो । राष्ट्रिय शिक्षा पद्धतिको योजना सम्वत् २०२८-२०३२ ले तोके अनुरूप नेपालमा लागू भएको पाइन्छ । यसकै सिफारिस अनुसार सामाजिक शिक्षालाई सबै तहमा अनिवार्य रूपले लागू गरियो । फेरी वि.सं. २०४९ सालमा गठित राष्ट्रिय शिक्षा आयोगको सिफारिस अनुसार प्राथमिक स्तरदेखि नि.मा.वि. स्तरसम्म अनिवार्य विषयको रूपमा अध्ययन अध्यापन हुँदै आएको पाइन्छ । वि.सं. २०५० पछिको परिवर्तनमा कक्षा ९ र १० सम्म नै एकीकृत प्रकारको सामाजिक शिक्षा विषयको व्यवस्था गरिएको छ । अनिवार्य विषयका रूपमा माध्यामिक तहमा समेत सामाजिक अध्ययन समावेश गरिनुका साथै पूर्णाङ्क १०० र पाठ्यभार ५ हुने गरी वि.सं. २०५६ सालदेखी यो पाठ्यक्रम लागू गरिदै आएको छ ।

वर्तमान प्राथमिक शिक्षा पाठ्यक्रम वि.सं. २०४९ को परिमार्जित संस्करण वि.सं. २०६० अनुसार कक्षा १-३ सम्म सामाजिक अध्ययन, विज्ञान तथा वातावरण र स्वास्थ्य शिक्षालाई सिङ्गै गासी १०० पूर्णाङ्कको एउटै विषय बनाएको छ । प्राथमिक कक्षा ४ र ५ तथा निम्न माध्यमिकदेखि माध्यमिकसम्म सबै कक्षामा १०० पूर्णाङ्कको सामाजिक अध्ययन अनिवार्य विषयको रूपमा पाठ्यक्रम समावेश गरिएको छ । उच्च माध्यमिक स्तरको कक्षा १२ मा ऐच्छिक विषयहरूको सूचीमा सामाजिक अधययनको साथसाथै यस्तै प्रकृतिको एउटा अर्को विषय पनि समावेश गरिएको छ । जसलाई समकालिन समाज भनिन्छ । दुवै विषयहरू १००/१०० पूर्णाङ्कका छन् । कक्षा १२ मा सामाजिक अध्ययन शिक्षण भन्ने ५० पूर्णाङ्कको अर्को ऐच्छिक विषय पनि राखिएको छ । यता त्रिभूवन विश्वविद्यालयअन्तर्गत प्रविणता प्रमाणपत्र

तहमा समाजिक अध्ययनको प्रकृतिसँग मिल्दो विषय “नेपाल परिचय” भन्ने विषयमा सामाजिक विज्ञानलाई समायोजन गरी बनाइएको छ । यसको पूर्णाङ्क ५० रहेको छ भने सबै संकायमा यसको अध्ययन अनिवार्य गर्नुपर्दछ । त्यसैगरी शिक्षा संकायअन्तर्गत प्रविणता प्रमाणपत्र तहमा पनि ५० पूर्णाङ्कको “सामाजिक अध्ययन शिक्षण” ऐच्छिक विषयको रूपमा व्यवस्था गरिएको छ । यसको साथै स्नातक तह (B.Ed.) मा पनि “सामाजिक अधययन शिक्षण” सम्बन्धी १०० पूर्णाङ्कको एउटा ऐच्छिक पाठ्यांशको पठनपाठन भइरहेको छ । वि.सं. २०६३ सालमा विद्यालय शिक्षाको परिमार्जित संरचना र पाठ्यक्रम प्रस्तवित भएको छ । जस अनुसार प्राथमिक तह र माध्यमिक तह गरी मुख्य दुई स्तरमा विभाजन गरी कक्षा १-८ लाई प्राथमिक तह र ९-१२ माध्यमिक तह मानिएको छ । प्रस्तावित संरचनाको पाठ्क्रममा सामाजिक अध्ययनको स्वरूपमा पनि केही परिवर्तन ल्याइएको छ । आधारभूत तह (१-८) को पाठ्यक्रममा एकीकृत र अन्तविर्षयक स्वरूपको सामाजिक अध्ययन हुने छ भने र यसअन्तर्गत नागरिक शिक्षा, नैतिक शिक्षा र वातावरण शिक्षा पनि समावेश गरिनेछ । अर्को तर्फ माध्यमिक तह (९-१२) को पाठ्यक्रममा एकल पथको सिद्धान्तलाई अँगालिदै विभिन्न सामाजिक विज्ञानहरू मध्ये कुनै एकलाई रोजिने व्यवस्था गरिएको छ र त्यही अनुरूप भिन्न विषयक र बहुविषयक पद्धतिमा आधारित पाठ्यक्रम निर्माण गरिने कार्यक्रम गरिँदैछ ।

### १.१.२ विषयगत सन्दर्भ

सामाजिक अध्ययनले मानिस र यसको अन्य व्यक्तिहरूसँगको सम्वन्ध र वातावरणसँगको सम्वन्धको बारेमा व्याख्या गर्दछ । मानिस समाजिक प्राणि हो र समाजमा बस्नको लागी उसले समाजका विविध पक्षहरू जान्नू आवश्यक छ, तर मानिसले आफ्नो भौतिक तथा सामाजिक वातावरणसँग कसरी प्रतिक्रिया गर्दछ भन्ने विषयको ज्ञान हुनु मात्र पर्याप्त छैन । ज्ञान परिर्वनशील पनि छ । आजको नविनतम ज्ञान भोलीको लागी प्राचिन हुन सक्छ । त्यसैले वालवालिकाहरूलाई समाज तथा विश्वको बारेमा ज्ञान मात्र लाद्नूभन्दा ती ज्ञान कसरी प्राप्त गर्ने भन्ने सीप सिकाउनु आवाश्यक छ । यी कुराहरू उनीहरूले अनुभव गरेर सिक्ने कुराहरू हुन । यी सबै कुरालाई मनन् गरी बर्तमान सामाजिक अध्ययन विषयमा बाल-बालिकाहरूले कसरी सूचना प्राप्त गर्ने, प्राप्त गरेको सूचनालाई कसरी व्यवस्थित गर्ने तथा ती कुराहरू कसरी अर्थपूर्ण तरिकाले प्रयोगमा ल्याउने भन्ने ज्ञानको सिकाईमा केन्द्रित गरिएको छ । यसरी दक्षता हासिल गरेको व्यक्ति नै सुयोग्य नागरिक हुने हुनाले माध्यमिक तहको अनिवार्य विषयका रूपमा सामाजिक अध्ययन महत्त्वपूर्ण विषय बनेको छ ।

माानिसले आफ्ना जिवनका आवश्यकताहरू प्राप्त गर्न र एक सुयोग्य भएर नागरिकको जीवनयापन गर्न सामाजिक तथा भौतिक वातावरणसँग कसरी मिल्नेभन्ने मानविय अन्तर सम्बन्ध को ज्ञान नै सामाजिक अध्ययन हो । यो विषयले मानिसलाई एउटा बौद्धिक, आध्यात्मीक, सम्वेदनशिल तथा सामाजिक प्राणिका रूपमा अङ्गीकार गरी कसरी एक आपसमा

आफ्नो स्थानिय, राष्ट्रिय र विश्ववातावरण सँग सम्वन्धित हुन्छन भन्ने कुरामा केन्द्रित गर्दछ । त्यसैले मानिस सामाजिक प्राणी भएकाले उ समाजबाट बाहिर जान सक्दैन । समाजमा भएका आ-आफ्ना मूल्य एवम् मान्यता र आदर्शहरूसँग उसले अन्तर्क्रिया गरिरहन्छ । यस्ता पक्षहरूले व्यक्तिलाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । त्यसैले सामाजिक अध्ययनको शिक्षा बिना एउटा असल नागरिक बन्न सक्दैन । समाजमा असल नागरिक बन्नका लागी वातावरणसँग समायोजन भई वैज्ञानिक चिन्तन, तर्कशक्ति एवम् सजिव जीवन यापन गर्नको साथै राष्ट्रिय दृष्टिकोण राख्ने क्षमताको विकास सामाजिक अध्ययनबाट मात्र गर्न सकिन्छ । त्यसैले हरेक वालवालिकाहरूलाई यस्ता तत्त्वहरूको ज्ञान गराउनु नै सामाजिक अध्ययन हो । सामाजिक अध्ययनले सामाजिक विज्ञानका विषयवस्तु समेटेको हुन्छ । यस्ता विषयवस्तुहरू अध्ययन विशिष्ट वा एकीकृत रूपमा हुने गर्दछ ।

सामाजिक अध्ययन मानवहरू विचको अन्तरक्रिया तथा अन्तर सम्वन्धले बनेको समाजको अध्ययन गर्ने विज्ञान हो । यो त व्यक्ति-व्यक्ति बीचको भेटघाट, लेनदेन र सरसहयोगको आधारमा बन्ने कुरा हो । त्यस्तै मानविय आवश्यकताहरू र समाजको परिवेश सधैं एकनास को रहदैन र निरन्तर परिवर्तन भई रहन्छ । तसर्थ सामाजिक अध्ययनले समाजको सृजना किन र कसरी हुन्छ ? किन र कसरी परिर्वन हुन्छ र सधैंभरी परिवर्तनशिल भएर पनि कसरी र किन कायम नै रहन्छ भन्ने अध्ययन गर्दछ । अतः यसले समाजको आधारभूत तथा मौलिक अवस्था जस्तो सामाजिक स्थायित्व र सामाजिक परिवर्तन को अध्ययन गर्दछ भने यसले आदर्श नागरिक तयार पार्नमा ठोस योगदान दिन्छ । आदर्श नागरिक तयार पार्नू नै सामाजिक अध्ययनको मूलध्येय भएकाले समाजको विभिन्न पक्षको यसले निरन्तर अध्ययन एवम् विश्लेषन गर्ने कार्य गर्दछ । सामाजिक अध्ययनको क्षेत्र व्यापक छ । यसको क्षेत्रभित्र शिक्षण सिकाई क्रियाकलाप एवम् त्यस विषयलाई के कति मात्रामा सिकाउने, पाठ्यक्रमलाई के कति फराकिलो वा साँगूरो गर्ने आदि तथ्यहरू यसको क्षेत्रभित्र पर्दछन् । मानिस समाजिक प्राणि भएकोले उसले समाजको अध्ययन यसै विषयअन्तर्गत गर्दछ । सामाजिक विज्ञान अर्न्तगत इतिहास, राजनीतिशास्त्र, अर्थशास्त्र, भूगोल, दर्शनशास्त्र जस्ता विषयहरू पर्दछन । यिनै विषयको अध्ययन प्रत्यक्ष वा परोक्ष रूपमा गरिन्छ । त्यसैले यसको क्षेत्र व्यापक छ । यस विषयले बालबालिकाहरूमा साामजिकीकरणको विकास गर्ने, आफ्नो दैनिक जीवनका समस्या समाधान गर्ने सीप, तार्किक कुशलता नेतृत्व सीप, सामाजिक मूल्य र मान्यताको जानकारी, आर्थिक तथा सामाजिक कल्याणकारी कार्य, समसामयिक विषयको जानकारी नागरिकसम्बन्धी शिक्षा, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय भावनाको विकास गर्ने जस्ता कार्यको विकास गराउने हुनाले यस विषयको महत्त्व दिन प्रतिदिन बढ्दै गएको पाइन्छ ।

नेपाल विभिन्न जातजातिको साझा फूलवारी भएतापनि सांस्कृतिक दृष्टिले समाज उन्नत छ । नेपालीहरूको मानविय, सरल, निस्कपट तथा स्वाभाविक व्यवहार विश्वमा लुकेको

छैन तापनि सबै संस्कृति, जातजातिलाई अनेकतामा एकतालाई सम्बद्ध गर्न, बहुदलिय विकृति बचाउन र पश्चिमी सभ्यताबाट सिर्जित विकृतिलाई हटाउन पनि सामाजिक शिक्षाको आवश्यकता महशुस भएको हो । त्यसको साथै आधुनिक शिक्षा प्रणाली अनुसार मूलतः विद्यालयका तल्ला कक्षाहरूमा बालकको रुचि र क्षमता अनूकुल समाजका विभिन्न पक्षका आवाश्यक ज्ञान पनि यसबाट सरलतापूर्वक हुने भएकोले यसको महत्त्व देखिन्छ ।

वास्तवमा शिक्षण क्रियाकलाप भन्नाले शिक्षण कार्यमा कक्षाकोठामा शिक्षकले गर्ने क्रियाकलापलाई शिक्षण क्रियाकलाप भनिन्छ । शिक्षण कार्य शिक्षक र विद्यार्थी बीचको अन्तरक्रिया भएकाले शिक्षण क्रियाकलापलाई पनि शिक्षक विद्यार्थी क्रियाकलापका रूपमा लिइन्छ । शिक्षण क्रियाकलापलाई शिक्षण कार्यमा महत्त्वपूर्ण पक्ष मानिन्छ । अतः सामाजिक अध्ययनलाई प्रभावकारी रूपमा शिक्षण क्रियाकलाप सञ्चालन गर्न बाध्य छ । सामाजिक अध्ययन सैद्धान्तिक मात्र नभई व्यवाहारीक विषय पनि हो । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले सिफारिस गरे अनुसार माध्यामिक स्तरमा अनिवार्य सामाजिक विषयको पाठ्यक्रम तयार गरी वर्तमान अवस्था मा कार्यन्वयन भइरहेको छ । वर्तमान माध्यामिक तहको सामाजिक विषयको पाठ्यक्रममा समावेश भएको इतिहास, भूगोल, समाजशास्त्र, अर्थशास्त्र, मानवशास्त्र जस्ता एकीकृत विषयवस्तुहरूको आधारभूत ज्ञान, सीप र धारणालाई कक्षा ९ र १० को लागी एकीकृत रूपमा सम्वद्ध गरी पूर्णाङ्क १०० कायम गरिएकोमा २०६३ साल देखी एस.एल.सी. परीक्षामा कक्षा १० बाट मात्र १०० पूर्णाङ्कको प्रश्नपत्रहरू तयार गरी परिक्षा लिने व्यवस्था गरिएको छ । तर २०६४ मा सामाजिक विषयको पाठ्यक्रममा समयसापेक्ष समान्य फेरबदल गरी कार्यान्वयनमा ल्याईएको छ ।

सामाजिक अध्ययनले देशको समसामायीक परिवर्तन, विश्वमा आएको नविनतम प्रविधि र समाजको माग एवम् चाहनालाई समेटेको भएकाले यो विषयलाई मा.वि. तहमा अनिवार्य विषय मानि पाठ्यक्रममा समावेश गरिएको छ । समाजिक विषयलाई समयानूकूल गतिशिल र परिवर्तनशील गर्दै लैजाने कार्य भइरहेको छ । विश्वमा सूचना तथा सञ्चार क्षेत्रमा देखापरेका विकास, विश्वव्यापिकरण तथा स्थानियकरणलाई समाजिक अध्ययन विषयमा समावेश गरी मानव आधिकार, समाजिक मूल्य मान्यता, प्राकृतिक प्रकोप जस्ता विषयवस्तु समावेश गरी यस विषयलाई समसामायिक स्तरिय र व्यावहारिक बनाउने प्रयत्न गरिएको छ । सामाजिक शिक्षा विषयमा समाजिक विज्ञान (इतिहास, अर्थशास्त्र, भूगोल, राजनीतिशास्त्र, मानवशास्त्र आदि) का आधारभूत तत्त्व एवम् समासामयिक सामाजिक वस्तु स्थितिलाई बालकेन्द्रित ढंगले एकीकृत र समत्वयात्मक रूपमा प्रस्तुत गरिएको छ । समाजिक अध्ययनको प्रमुख लक्ष्य विद्यार्थीहरूमा गर र सिक भन्ने धारणाको विकास गराउनु र उनीहरूमा व्यावहारीक परिवर्तन ल्याउनू हो । यस विषयका शिक्षण गर्दा प्रश्नोत्तर विधि, छलफल, अभिनय,

क्षेत्र भ्रमण, खोजिविधि, प्रर्दशन, अवलोकन, परियोजना विधिको प्रयोग गरी विषयवस्तु अनुसार शैक्षिक विषयवस्तुको धारणा बसाउन सजिलो र शिक्षण प्रभावकारी तथा अर्थपूर्ण हुन्छ ।

सामान्यतया कुनै पनि विषयलाई सैद्धान्तिक र प्रयोगात्मक तरीकाले लिने गरिन्छ । सामाजिक अध्ययनलाई पनि दुई पक्षबाट हेर्न सकिन्छ । सैद्धान्तिक र व्यवहारिक शिक्षक र विद्यार्थीहरू केवल पाठ्यक्रम र पाठ्यपुस्तकमा मात्र बढी निर्भर रहनू पर्ने बाध्यात्मक अवस्था रहेको पाइन्छ । यसबाट जून रूपमा शिक्षण सिकाई हुनुपर्ने हो त्यसरी शिक्षण सिकाई हुन नसकिरहेको यथार्थता हाम्रो सामु विद्यमान रहेको छ । यसका साथै एस.एल.सी. परीक्षाको नतिजालाई अध्ययन गर्दा पनि सामाजिक विषयमा अधिकांश विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क सामान्य रहेको पाइन्छ । त्यसैले माध्यामिक तह कक्षा-१० को समाजिक अध्ययन विषयले निर्धारण गरेको शैक्षणिक तथा व्यवाहारिक उद्देश्यहरू हासिल गराउनका लागि प्रभावकारी शिक्षण क्रियाकलापका उपायहरू अनुसन्धानात्मक, निर्माणात्मक गानबजान, सिर्जनात्मक कला, नाटकिय क्रियाकलाप, लिखित कार्य, चार्ट, ग्लोव र नक्सा तथा समसामायिक घटना हरूको आधारमा शिक्षण क्रियाकलाप गर्नु उक्त विषयको लागी उपयोगी हुन्छ । जसले भविश्यमा अन्तरराष्ट्रिय सम्बन्ध विस्तार गर्न राष्ट्रिय आवश्यकता तथा सामाजिक आवश्यकतालाई पूरा गर्ने व्यवहारिक दक्ष जनशक्तिहरू उत्पादनको लागी महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

### १.१.३ अध्ययनको क्षेत्र

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत राप्ती अञ्चलका ५ जिल्लामध्ये सल्यान पहाडि जिल्ला हो । जिल्लामा शैक्षिक पद्दति तथा प्रक्रियालाई व्यवस्थित र गतिशिल बनाउने कार्यमा सञ्चालित उ.मा.वि. तथा मा.वि.हरू ६३ छन् भने नि.मा.वि. र प्रा.वि. गरी जम्मा ३५९ रहेका छन् । शैक्षिक विकासका लागि निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न १७ वटा स्रोतकेन्द्रहरू छन् । सीमित स्रोत, साधन र समयले गर्दा कोटमौला स्रोतकेन्द्र अन्तर्गतको सञ्चालित उ.मा.वि. र मा.वि.हरूलाई मात्र अध्ययनको क्षेत्रमा सीमित गरिएको छ । यस स्रोतकेन्द्रमा दमाचौर, कोटमौला, पिपलनेटा गा.वि.स.हरू रहेका छन् । यसमा सञ्चालित सामुदायिक माध्यमिक विद्यालयहरू ४ वटा छन् । अध्ययनको क्रममा नमुना छनौंटमा परेका ४ वटा माध्यमिक विद्यालयमा २०२४ सालमा स्थापित श्री भानुभक्त उच्च मा.वि. दमाचौर, सल्यान । २०१२ सालमा स्थापित श्री कालिका मा.वि. कोटमौला, सल्यान । २०५३ सालमा स्थापित श्री शिशुजागरण माध्यमिक विद्यालय कोटमौला, सल्यान । २०१६ स्थापित श्री महेन्द्र माध्यमिक विद्यालय पिपलनेटा, सल्यान रहेका छन् । यी विद्यालयहरू सुरुसुरुमा प्राथमिक विद्यालय, निम्न माध्यमिक विद्यालय, माध्यमिक विद्यालय हुँदै उच्च माध्यमिक सम्म आइपुगेका छन् ।

सामाजिक अध्ययन विषयमा शिक्षण सिकाइ क्रियाकलापको लागि अझै पनि अधिकांश विद्यालयहरूमा शिक्षण सिकाइको एकमात्र सामग्रीको रूपमा पाठ्यपुस्तकलाई नै प्रमुख स्रोत मानिएको पाइन्छ । सामाजिक विषय शिक्षकले पाठ्यपुस्तकमा लेखिएका पाठहरू कक्षाकोठामा वाचन गरी वा गर्न लगाइ शब्द शब्द, वाक्य वाक्य र प्रत्येक अनुच्छेदको अर्थ र व्याख्या गर्ने गरेको देखिन्छ । वास्तवमा सामाजिक अध्ययन विषयको यो उद्देश्य कदापि होइन । शिक्षकले पाठ्यपुस्तकमा दिएका अनावश्यक विषयवस्तुमा जोड दिनु हुँदैन । मुख्य रूपमा पाठ्यक्रमका उद्देश्यहरूमा ध्यान केन्द्रित हुनुपर्दछ । यसका लागि विद्यालयले पाठ्यक्रम, शिक्षक निर्देशिकाको व्यवस्था अनिवार्य रुपले गर्नुपर्दछ । त्यस्ता विविध किसिमका समस्याहरू सामाजिक विषयमा देखिएको हुनाले शिक्षण सिकाइका लागि विभिन्न विधाहरू मध्ये कक्षा १० को सामाजिक अध्ययन विषय शिक्षण क्रियाकलापहरू भन्ने अध्ययन शीर्षक राखिएको थियो ।

## १.२ समस्याको कथन

माध्यामिक तहमा समाजिक अध्ययन विषयको शिक्षण एउटा चुनौतिपूर्ण एवम् जटिल कार्य हो । वर्तमान आवस्थामा लागू भएको कक्षा-१० को सामाजिक अध्ययन विल्कुलै नयाँ शैलीमा प्रस्तुत गरिएको पाठ्यवस्तु हो । यसलाई बढि अनुसन्धानमूखी र व्यवाहारीक बनाउने प्रयास गरिएको छ । सामाजिक अध्ययन विषयमा सैद्धान्तिक पक्षभन्दा व्यावहारिक पक्षलाई जोड दिई सिक्ने विषयका रूपमा प्रस्तुत गरिएको छ । शिक्षण सिकाई व्यावहारिक तथा विद्यार्थीमूखी बनाउने प्रयास गरिदै आएको छ । शिक्षणलाई सरल, प्रभावकारी, एवम् अर्थपूर्ण बनाउन समाजिक अध्ययनमा विभिन्न शिक्षण विधि र शैक्षिक सामग्रीकाहरूको प्रयोगमा जोड दिएको छ । सामाजिक अध्ययन विषयको अध्ययन पूरानो शैलीमा हुने गरेको देखिन्छ । शिक्षण क्रियाकलापको रूपमा शिक्षक केन्द्रित हुनुको साथै शैक्षिक समाग्रीहरूको अभाव तथा प्राप्त शैक्षिक सामाग्रीहरू प्रयोगको कमी, विषयगत शिक्षकको अभाव, विद्यालयहरूको सन्दर्भ सामग्री तथा शिक्षक निर्देशिकाको प्रयोगको अभाव जस्ता समस्याहरू भएको हुँदा यस विषयको प्रभाबकारी रूपमा शिक्षण हुन नसकिरहेको स्थितिमा अनुसन्धान कर्ताले निम्न लिखित प्रश्नमा केन्द्रित रही अध्ययन गर्ने सोच राखेको थियो ।

१) कक्षा १० को सामाजिक विषय शिक्षकको पृष्ठभूमि कस्तो छ ।

२) के सामाजिक शिक्षकले शैक्षिक योजना निर्माण गरी अध्यापन गरिरहेका छन् ?

३) शिक्षक निर्देशिका बमोजिम समाजिक विषय शिक्षकको लागी आवश्यक पर्ने शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोगको स्थिति के कस्तो छ ?

४) सामाजिक विषय शिक्षकले शिक्षक निर्देशिका बमोजिमको शिक्षण विधिको प्रयोग गर्ने गरेका छन् ?

५) माध्यामिक तहको सामाजिक विषयमा शिक्षक निर्देशिका बमोजीमको कक्षा शिक्षण क्रियाकलापको अवस्था के कस्तो छ ?

६) सामाजिक विषय शिक्षण गर्दा पाठको तयारी तथा पाठको सूरुवात कसरी गरिएको छ ?

७) सामाजिक शिक्षणमा पाठको समाप्ती कसरी गरिएको छ ?

८) सामाजिक विषयको शिक्षण क्रियाकलापमा मूल्याङ्कन गर्दा के कस्ता साधनको प्रयोग गरिन्छ ?

**१.३ अध्ययनको उद्देश्य**

कक्षा १० को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप सम्वन्धि अध्ययनका लागी निम्नानूसारका उद्देश्यहरू राखिएको थियो :

क) कक्षा १० को सामाजिक विषय शिक्षकको पृष्ठभूमी पहिचान गर्नु ।

ख) कक्षा १० को सामाजिक विषयको शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउनु ।

**१.४ अध्ययनको औचित्य**

कुनै पनि देशको पाठ्यक्रम त्यहाँको सरकारले अपनाएको शिक्षा नीति अनुरूप निर्माण गरिएको हुन्छ । पाठ्यक्रमको निर्माण गर्नु पूर्व के कस्तो किसिमले विधार्थीहरूलाई ज्ञान हासिल गराउने भन्ने बारेमा त्यसका कक्षागत र विषयगत उद्देश्य निर्माण गरिन्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू विद्यार्थी समक्ष पु¥याउन शिक्षकको प्रमुख हात रहन्छ । वास्तवमा पाठ्यक्रमले अपेक्षा गरे अनुरूपको ज्ञान, सीप र अनुभव प्रदान गर्न शिक्षण क्रियाकलाप छनौटमा सावधानी अपनाउनु पर्दछ । शिक्षणलाई सार्थक बनाउन विषयगत शिक्षण विधि र शैक्षिक सामग्रीहरूले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । प्रत्येक शिक्षकले आफ्नो विषय अध्यापन पूर्व अध्यापन गर्ने विषयको उद्देश्यहरू पाठ्यक्रम, शिक्षक निर्देशिका, विषय विस्तृतिकरण र विद्यार्थीको पूर्वज्ञान थाहा पाएर मात्र विभिन प्रकारका शिक्षण विधिहरू र सामाग्रीको छनौट गर्नु पर्दछ । अतः शिक्षण क्रियाकलाप प्रभावकारी बनाउन उपयुक्त शिक्षण विधि र सामग्रीको ठूलो महत्त्व हुन्छ ।

हाम्रो देश नेपाल भौगोलिक हिसाबले हिमाल, पहाड र तराई मा विभाजन भएको छ । भूवनोट को साथै विविध जातजाति, भाषा, धर्म र संस्कृतिले पनि भरिपूर्ण छ । यी कारणले गर्दा नेपाल सरकारको शैक्षिक नीति तथा कार्यहरू देशमा एकै प्रकारले लागू गरी कार्यान्वय गर्न नसकिरहेको अवस्था विद्यमान छ । ग्रामिन तथा पिछडिएका समूदायहरूका विद्यालयहरूमा सामाजिक विषयलाई व्यावहारिक रूपमा प्रयोग गर्न नसकि शैक्षिक उपलब्धी प्राप्त हुन नसकिरहेको देखिन्छ । भने सुविधा सम्पन्न विद्यालयहरू जहाँ शहर बजारमा अवस्थित छन त्यहाँ सामाजिक विषयले अपेक्षा गरे अनुरूपको उद्देश्यहरू ग्रामिन तथा पिछडिएको समूदायको

तुलनामा केहिहदसम्म सन्तोषजनक देखिन्छ । तर सामाजिक विषय शिक्षण क्रियाकलापमा विषयगत दक्ष शिक्षकको अभाव, तालिमको अभाव, शिक्षण अनुभवको कमी, उपलब्ध शैक्षिक समाग्रीको प्रयोग नहुने तथा शैक्षिक सामग्रीहरू खरिद नगर्ने विद्यालयहरू, कक्षाकोठाको उपयुक्त व्यवस्थापनको कमी उपयुक्त शिक्षण विधि चयन नगरी शिक्षण गर्ने परिपाटी लगायत विविध समस्याहरू प्रत्येक विद्यालयहरूमा पाइन्छ । अझ वर्तमान अवस्थामा विभिन्न विधाहरूबाट एकीकृत रूपमा निर्माण गरिएको सामाजिक विषयलाई पाठको प्रकृति अनुसार विधि तथा सामग्री छनौट र प्रयोग गरी विद्यार्थीहरूको व्यवहारमा परिवर्तन गराउन सक्ने ज्ञान सीप र धारणा निर्माण गर्न अझ चुनौतिपूर्ण छ । यस्ता समीयाहरूको समाधान समयमा नै गर्न सकिएन भने सामाजिक विषयले राखेका उद्देश्यहरू प्राप्त गर्न सकिदैन । तसर्थ माध्यामिक तहमा कक्षा १० को सामाजिक विषयको शिक्षण क्रियाकलाप प्रभावकारी एवम् उद्देश्यमूलक बनाउनका लागी वर्तमान अवस्थामा देखिएका समस्याहरू पत्ता लगाई समाधान गर्ने उपायहरू खोज्नुले शिक्षा क्षेत्रका सरोकारवाला पक्षहरू, शिक्षक, विद्यार्थी, अभिभावक जि.शि.का. पाठ्यक्रम विकास केन्द्र, शै.ज.वि.के. लगायतका अन्य सम्वन्धित सरोकारवाला पक्षलाई समेत यो अध्ययन फलदायि हुने भएकाले यो अध्ययन औचित्यपूर्ण देखिन्छ ।

### १.५ अध्ययनको सिमाङ्कन

यस अध्ययन अनुसन्धान कार्यका लागी उपलब्ध साधन स्रोत र समयको सिमितता तथा विषयवस्तुको गहनताका कारणले समग्र क्षेत्रमा अनुसन्धान गरी व्याख्या र विश्लेषण गर्न सम्भब नहुने भएकाले निम्नलिखित स्थानमा सिमित साधन र स्रातको परिधिभित्र रहि यो अध्ययन अनुसन्धान कार्य गरिएको थियो :

१) यस अध्ययन सल्यान जिल्ला अन्तर्गत कोटमौला स्रोतकेन्द्र ४ वटा सामुदायिक मा.वि.हरूमा सिमित गरिएको थियो ।

२) यस अध्ययनका लागी छनौटमा परेका उच्च मा.वि. तथा मा. वि. मा रहेका कक्षा १० मा अध्यापन गर्ने शिक्षक/शिक्षिकाहरू मध्ये सामाजिक विषय अध्यापन गर्ने शिक्षक शिक्षिका लाई मात्र छनौट गरिएको थियो ।

३) यस अध्ययन माध्यामिक तहअर्न्तगत कक्षा १० को अनिवार्य विषय सामाजिक अध्ययनको शिक्षण क्रियाकलापअर्न्तगत कक्षाकोठा व्यवस्थापन, पाठयोजना निर्माण, कक्षा शिक्षण सूरुबाट शैक्षिक सामाग्री, शिक्षण विधि, मूल्याङ्कन प्रक्रिया, गृहकार्य, पाठको प्रस्तुतिकरण, पाठको समाप्ती, मूल्याङ्कन तथा शिक्षकको पृष्ठभूमि जस्ता पक्षमा मात्र सिमित गरिएको थियो ।

४) अध्ययन अनुसन्धानका लागी छनौटमा परेका सबै विद्यालयका कक्षा १० का विद्यार्थीहरू मध्ये प्रत्येक विद्यालयका ४ जना छात्र ४ छात्राका दरले ८ जनाको समूह निर्माण गरी अध्ययन गरिएको थियो ।

५)	कक्षा अवलोकनका लागी प्रत्येक विद्यालयका कक्षा १० को सामाजिक विषयमा ४/४ पटक कक्षा अवलोकन गरिएको थियो ।

६)	अध्ययन अनुसन्धानलाई पूर्णता प्रदान गर्ने क्रममा अर्न्तवार्ता, कक्षा अवलोकन र लक्षित समूह छलफल जस्ता तथ्याङ्क संकलनका साधनहरूको प्रयोग गरिएको थियो ।

## १.६ शब्दको परिभाषा

| | | |
|---|---|---|
| शिक्षकको पृष्ठभूमि | : | शिक्षकको योग्यता तालिम, विषय विशिष्टीकरण, अध्ययन गर्ने विषय भाषा लिङ्ग उमेर जात/जातिलाई जनाउँछ । |
| शिक्षण क्रियाकलाप | : | पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य पुरा गर्न तयार गरिएको विषयमा कक्षाकोठामा शिक्षक र विद्यार्थीबीच गरिने अन्तर्क्रियालाई जनाउँछ । |
| शिक्षण विधि | : | अध्ययन गर्दा शिक्षकले अपनाउने तवरतरिकालाई जनाउँछ । |
| शैक्षिक सामग्री | : | कक्षा शिक्षणमा प्रयोग गरिने आवश्यक सामग्रीहरूलाई शैक्षिक सामग्री भनिन्छ । |
| शिक्षण क्रियाकलापको अवस्था | : | शिक्षण गराउनका निम्ति विद्यालय तथा प्र.अ. र शिक्षकबाट गरिएका सम्पूर्ण क्रियाकलापका साथै विद्यालयको भौतिक अवस्थालाई जनाउँछ । |
| कक्षाकोठा व्यवस्थापन | : | कक्षाकोठामा गरिने शिक्षण सिकाइका लागि अनुकुल वातावरण तयार गर्नु भनेको कक्षा व्यवस्थापन हो । |
| सामुदायिक विद्यालय | : | सामुदायिक विद्यालय भन्नाले कुनै संघ संस्था, समुदाय, विद्यालयमा कार्यरत शिक्षक वा विद्यालय स्थापनाका लागि उत्प्रेरित व्यक्तिहरू आदिको संयुक्त नेतृत्वमा सञ्चालन भएका विद्यालय |

# अध्याय दुई
# पूर्व साहित्यको समीक्षा

पूर्व साहित्यको अध्ययनको समीक्षा भन्नाले अध्ययन गर्न लागेको शीर्षकसँग सम्बन्धित अध्ययन हो । अध्ययन अनुसन्धान कार्यलाई विल्कुल नयाँ र अध्ययन गर्न लागेको अनुसन्धानात्मक कार्यलाई तथ्यपूर्ण एवम् अर्थपूर्ण बनाउन पूर्व साहित्यको अध्ययन महत्त्वपूर्ण हुन्छ । पूर्व साहित्यमा भएका निष्कर्षहरू नै आफ्नो अध्ययन अनुसन्धानको आधार हुन्छ । त्यसैले अनुसन्धान नदोहोरियोस् छुटेका कुराहरूका खोजी होस् भन्नका लागि पूर्व साहित्यको समीक्षा गरिनु आवश्यक छ । अध्ययन अनुसन्धान कार्यलाई पूर्णता दिन सम्बन्धित अध्ययनलाई फराकिलो पार्न समेत साहित्यको पुनरावालोकनको सहयोग पुऱ्याउँछ । त्यसैले यहाँ यस अध्ययन कार्यलाई सहयोग पुऱ्याउने केही सैद्धान्तिक तथा शोध प्रतिवेदनको अध्ययन गरी तिनका निष्कर्षलाई समेट्ने प्रयास गरिएको छ । यस अध्ययनका क्रममा माध्यमिक विद्यालयको कक्षा १० को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलापको अवस्थासँग केही मेल खाने पूर्व साहित्यको समीक्षा निम्नानुसार गरिएको थियो ।

## २.१ सैद्धान्तिक अध्ययन

विद्यार्थीमूखि शिक्षण सिकाइ क्रियाकलाप गर्न पठनपाठन र विद्यार्थी मूल्याङ्कन एकसाथै लैजान आवश्यक हुन्छ । विद्यार्थीमूखि शिक्षण सिकाइ क्रियाकलापबाट विद्यार्थीले आफूलाई अभिव्यक्त गर्ने अवसर पाउँछन् र शिक्षकले उनीहरूले सिकाइका बारेमा जानकारी पाइरहन्छन् । शिक्षकले विद्यार्थीहरूलाई सिकाइ दिगो राख्न खेलविधि, प्रश्नोत्तर विधि, छलफल विधि, अभिनय विधि, प्रदर्शन विधि जस्ता विधिहरूको प्रयोग गरेर विद्यार्थीमूखि शिक्षण सिकाइ क्रियाकलाप अपनाउनुपर्दछ ।

आदर्शवादीहरूले जुनसुकै विषयको विषयका शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारिता शिक्षको विवेकमा सुम्पेका छन् । आदर्शवादी सुकरातले प्रश्नोत्तर विधि र छलफल विधिद्वारा शिक्षणलाई अगाडि बढाउनुपर्दछ भनेका छन् भने उनका शिष्य प्लेटोले बादविवादलाई शैक्षिक प्रक्रियाका रूपमा सिफारिस गरेका छन् । हेगलले तार्किक विधिद्वारा उपयुक्त शिक्षण सिकिाइ क्रियाकलाप हुने कुरामा जोड दिएका छन् (सिंह, २०६५) ।

प्रसिद्ध प्रयोजनवादी दार्शनिक जोन डिवेले प्रयोजनवादी शैक्षिक प्रक्रियालाई आफ्नो प्रकारको हुने बताएका छन् । उनका अनसार यस शैक्षिक प्रक्रिया भित्र बालक अपरिपक्व अविकसित प्राणी हो र उसलाई परिपक्व र अनुभवि युवकहरूको समाजमा सामाजिक लक्ष्य, मूल्य-मान्यताका आधारमा अघि बढाइ रहेका छन् । त्यसैले यिनै तत्त्वहरूका बीचको अन्तरक्रिया नै शैक्षिक प्रक्रिया हा, उनको सिद्धान्तको केन्द्र विन्दु रहेको विधि परियोजना विधि

हो । यस विधिमा विद्यार्थीको उद्देश्य चाख र उपयोगिताको आधारमा गरेर सिक्नेमा केन्द्रित हुनुपर्दछ (शर्मा, २०६५) ।

यथार्थवादी दर्शन अनुसार जुनसुकै शिक्षण सिकाइ क्रियाकलापमा प्रत्यक्ष अवलोकन हुन आवश्क हुन्छ । विद्यालयका कक्षा शिक्षणका एकातिर इन्द्रियहरूको प्रयोग गरिन्छ भने अर्कोतिर भ्रमण यात्राहरू गरी प्रत्यक्ष अवलोकनद्वारा शिक्षण गरिन्छ । यस कक्षा शिक्षणमा वस्तुगत ज्ञानका लागि राखिएका विषयवस्तुका प्रस्तुती गरे पनि ती विषयवस्तुहरूको प्रत्यक्ष अवालकेन वा साक्षात्कार गराइन्छ । यथार्थवादीहरू इन्द्रीय ज्ञानलाई बढी जोड दिने भएकाले कक्षा शिक्षणमा विद्यार्थी सामु विषय वस्तुको अवालोकन गराइन्छ । यस्तो कक्षा शिक्षणमा आगमण विधिको प्रयोग गरिन्छ । साथै विषयवस्तुलाई अवालोकन गराएन्छ, विद्यार्थी त्यस विषयवस्तुलाई देखेर, चाखेर, सुघेर तथा अनुभव गरेर त्यस वस्तुबाट जानकारी प्राप्त गर्दछन् । यसका अतिरिक्त यथार्थवादी कक्षा शिक्षणमा प्रदर्शन विधि, प्रयोगात्मक विधि छलफल, वादविवाद विधि पनि आवश्यकता अनुसार प्रयोग गरिन्छ । कुनै विषयवस्तु सिकाउँदा विद्यार्थीको इन्द्रियहरूलाई सहज गराउनुका साथै उसको आत्मालाई सक्रिय बनाइन्छ । त्यसपछि विद्यार्थीमा विषयवस्तुप्रति रुची जाग्दछन र शिक्षण सिकाइ प्रभावकारी हुन्छ भन्ने विश्वास यथार्थवादी दर्शनको रहेको छ (सिंह, २०६५) ।

अस्तित्ववादका अनुसार शिक्षण प्रक्रिया स्वतन्त्र रूपको हुनुपर्दछ । शिक्षाविद् राल्फ हार्परले आफ्नो पुस्तक "Existentialism and Educaiton" मा पाठ्यक्रमका बारेमा निम्न धारणा प्रस्तुत गरेका छन । प्रत्येक व्यक्तिलाई पढ्न लेखन हिसा वगर्न र इतिहासका कुराहरू सिकाउनु पर्छ । विद्यार्थीहरूले के पढ्ने भन्ने विषयमा निश्यच गर्ने काम शिक्षकको हो । मानव मस्तिष्कलाई क्रियाशिल बनाई सत्यका नजिक पुऱ्याउन तर्क विधाको अध्ययनको गराउनु पर्छ ( शर्मा एण्ड शर्मा, २०६५) ।

उत्तर आधुनिकवादी दृष्टिकोण अनुसार कुनै नियम निर्माण गर्नुपूर्व सम्पादन गरिन्छ र तत्पश्चात प्राप्त अनुभवको आधारमा नियम निर्माण गर्नुपर्दछ । यस दृष्टिकोणको आधारमा विद्यार्थीहरूलाई कक्षाकाठामा विषयवस्तुको शिक्षण गर्दा पहिला कुनै पनि विषयवस्तुमा छलफलबाट अगाडि बढ्न प्रेरित गर्दछ । जसले शिक्षण सिकाइ प्रभावकारी हुन्छ (Nicholls, 2009) ।

रचनावादले व्यक्ति वा सिकारुको वृहत सामाजिक परिवेशलाई शिक्षणको बेला उसको पूर्वको विश्वासहरू, ज्ञानहरू र सीपहरू जो उसँग हुन्छ, त्यसमा आधारित हुनुपर्दछ (सिंह, नागेश्वर, २०६५) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावालेकन

Print (1993) Curriculum Development and Desing ($2^{nd}$ Ed.) मा शिक्षण सिकाइ क्रियाकलापलाई उनका अनुसार प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न विभिन्न सामग्री तथा शिक्षण विधि मार्फत शिक्षण गर्नुपर्दछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

शिक्षक शिक्षा (२०६४) मा भोजबहादुर बलानएरले शिक्षकको पेशागत अभिवृद्धिमा कार्यगत अनुसन्धानको सहयोग भन्ने शीर्षकमा काभ्रे जिल्लाको माध्यमिक विद्यालय (परिवर्तित नाम) मा भ्रमण गर्ने समयमा अनुसन्धान गर्दा सोहि अनुसन्धानबाट निम्न निष्कर्ष निकाल्नु भएको थियो । शिक्षण सेवा अवधिअनुसार शिक्षकको दक्षता वृद्धि जुन रूपमा हुनुपर्ने हो त्यो हुन सकेको अवस्था देखिन्छ । यमा तोकिएको पाठ्यक्रमलाई मात्र सिमित गरी अध्ययन शिलतालाई गौण बनाउनुले गर्दा यसबाट नयाँ सिर्जना नभई पुरानै अवस्थातर्फ दोहोऱ्याउने र आफूलाई सिमित पारेका अध्ययनमा प्राप्त गरिएको थियो । कार्यगत अनुसन्धान ज्ञानको जन्म गर्ने र सबै क्रियाशील, परिवर्तनकारी साथै जुझारु बनाइ राख्ने अनुसन्धानको माध्यम भए तापनि वास्तविक अवस्थामा प्रयोगमा ल्याइएको देखिँदैन । यसर्थ यस अनुसन्धान बाट शिक्षक स्वयम्ले आत्मविश्वास गरी परिवर्तन गर्न स्क्ने अवस्था अझै विद्यमान छ। भन्ने दृष्टिकोण र मान्यता स्थापित गर्न शिक्षक आफ्नो पेशाप्रति निष्ठावान, लगनशीलता नभएकोले शिक्षण प्रभावकारी हुन नसकेको निष्कर्ष निकाल्नु भएका थियो ।

शिक्षा विभाग (२०६०) Technig mattrial and classroom observation मा शिक्षकले शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग कसरी गर्दछ, प्रयोगसम्बनधी ज्ञान छ/छैन छन कि छैनन् शैक्षिक सामग्री विषयवस्तु अनुसार ठीक ढंगले विकास क्षेत्र, अञ्चल र जिल्लाका विद्यालयको प्रतिनिधित्व हुने गरी १५० वटा कक्षाहरू अवलोकन गर्दा शहरका धेरैजसो विद्यालयहरूमा शैक्षिक सामग्रीहरू उपलब्ध भएको भए तापनि शिक्षकले कक्षा शिक्षणमा प्रयोग नगरेको पाइयो । धेरै शिक्षकलाई प्रयोगसम्बन्धी ज्ञान भए पनि शिक्षणमा प्रयोग नगरेको देखियो । ग्रामीण क्षेत्रका विद्यालयमा भने शैक्षिक सामग्रीको कमी भएको र भएका सामग्री पनि प्रयोग नगरेको अध्ययनबाट प्राप्त भएका थियो । विशेष गरी शैक्षिक सामग्रीको कमी हुने कारण हिमाली र उच्च पहाडि दुर्गम विद्यालयमा निकालेको थियो ।

खनाल (वि.सं २०६७.) ले माध्यमिक तहका शिक्षकहरूको कक्षा शिक्षण अवस्था अध्ययन शीर्क्षकमा अनिवार्य विषय सामाजिक, नेपाली र विज्ञान विषय शिक्षकहरूको शैक्षणिक योजनाको अवस्था, कक्षाकोठा व्यवस्थापनको अवस्था र कक्षा शिक्षणको अवस्था पत्ता लगाउन धादिङ्ग जिल्लाका ४ विद्यालयमा अध्ययन गर्नु भएको थियो । यस अध्ययन अनुसार कक्षा शिक्षणको अवस्थाका सम्बन्धमा शिक्षकले शैक्षणिक योजनाको निर्माण नगरी शिक्षण गरेका, विद्यालयमा उपलब्ध सामग्रीको मात्र प्रयोग गर्ने गरेका साथै कक्षाकोठा व्यवस्थापनका पक्षहरू

कालो पाटीको रखाई र आकार उपयुक्त नभएको विद्यार्थी संख्या अनुपातमा फर्निचर कम भएको साथै कक्षा सजावटमा प्राप्त ध्यान नदिइएको अध्ययनबाट प्राप्त गर्नु भएको थियो । कक्षामा मनिटरको व्यवस्था गरिकोले कक्षा अनुशासनमा भने सहयोग पुगेको थियो । कक्षा शिक्षणमा पाठ प्रस्तुती गर्दा सिँधै विषयवस्तुबाट सुरुवात गरेको तर सामाजिक विषयमा ग्लोब, नक्सा चित्रहरू, विज्ञान विषय शिक्षणमा कालोपाटी मात्र प्रयोग भएको देखियो भने नेपाल विषय शिक्षणमा पनि सिधै कालोपाटीमा चित्रबनाइ व्यवस्था गर्ने गरको निष्कर्ष निकाल्नु भएका थियो । शिक्षण विधि सबै शिक्षकहरूले व्याख्यान विधि बढी प्रयोग गरेको साथै छलफल, प्रश्नोत्तर अभिनय, क्षेत्र भ्रमण अन्वेषण विधि पनि प्रयोग गरेको पाइया । कक्षा शिक्षणका अन्त्यमा विद्यार्थीहरू व्यक्तिगत र सामुहिक प्रश्नोत्तर गरी आवश्यकता अनुसार विद्यार्थीहरूलाई पाठको प्रस्तुती गर्न लगाएको साथै पृष्ठपोषण प्रदान गरी गृहकार्य दिने गरेको अध्ययनबाट निष्कर्ष निकाल्नु भएको थियो ।

पाण्डे (२०३५) ले सामाजिक अध्ययन शिक्षण नामक पुस्तकमा उल्लेख गर्नुभएको छ कि माध्यमिक तहको सामाजिक शिक्षाको विषयको संगठन विविधतापूर्ण हुने एकोले शिक्षणमा केवल कक्षाकोठा र पाठ्यपुस्तकको भरमा नपरी, हेर्ने, सुन्ने, छुने, हातचलाउने जस्ता शिक्षा विधिको प्रयोग गरी सिकारुको अनुभवलाई जीवनमुखी बनाउन सकिन्छ भनेर उल्लेख गर्नुभएको थियो ।


पनेरु (२०६५) ले माध्यमिक तहको साािजक विषयको शैक्षणिक अवस्था भन्ने शीर्षकमा अध्ययन गर्नु भएको थियो । उहाँले माध्यमिक तहको सामाजिक विषयको शिक्षणको अवस्था, शैक्षिक सामग्रीको पहिचान र सामाजिक शिक्षा शिक्षणमा आइपरेका समस्या र समाधानका उपायहरू पत्ता लगाउन काठमाडौ जिल्ला, कीर्तिपुर नगरपालिकामा सञ्चालित ४ वटा सार्वजनिक विद्यालयका शिक्षकहरू, विद्यार्थीहरू र प्रधानाध्यापकलाई छनौट गरी अध्ययन गर्नु भएको थियो । उक्त कार्यका लागि तथ्याङ्क संकलनका लागि अन्तरर्वार्ता, क्षा अवलोकन र लक्षित समूह छलफल निर्देशिका तयार गरी अनुसन्धान गर्नु भएको थियो । अध्ययनको निष्कर्षमा शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक केन्द्रितको विधिको प्रभाव, शैक्षिक अवलोकन, भ्रमण योजनावद्ध नभएको, सामाजिक शिक्षा विषयको लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको अभाव रहेको, अधिकांश शिक्षकहरू तालिम अप्राप्त, पाठयोजनाको तयार विना अध्यापन गर्ने गरिएको पाइयो । उक्त शिक्षण सिकाइ क्रियाकलापका समस्याहरूलाई अन्त्य गर्न विषयगत शिक्षकको व्यवस्था तालिमको व्यवस्था, शैक्षिक सामग्री प्रयोगमा जोड, योजना निर्माण गरी शिक्षण गर्नुपर्ने, शैक्षिक भ्रमण, विद्यार्थी केन्द्रित विधिमा जोड दिइ सुधारात्मक शिक्षण गर्न गराउन सकिने निष्कर्ष निकाल्नु भएको थियो ।

खनाल (२०६७) ले “सामुदायिक विदालयमा माध्यमिक विद्यालयको सामाजिक अध्ययन शिक्षण” शीर्षकमा अध्ययन गर्नुभएको थियो । उहाँले आफ्नो अध्ययनमा सामाजिक विषय

शिक्षकको अवस्था, शैक्षिक सामग्री उपलब्धता र प्रयोगको स्थिति पत्ता लगाउने उद्देश्य राख्नुभएको थियो । नमूना छनौटमा स्याङ्गजा जिल्ला अन्तर्गत नरोदय उ.मा.वि. श्रोत केन्द्र अन्तर्गतका ३ वटा सामुदायिक मा.वि. लाई लिई कक्षा ९ र १० का विषय शिक्षक, विद्यार्थी र कक्षा शिक्षण अवलोकन गर्न क्रमशः अन्तर्वार्ता प्रश्नावली, लक्षित समूह छलफल निर्देशिका र कक्षा शिक्षण अवलोकन फारमको पयाग गरी अनुसन्धान गर्नुभएको थियो । उहाँले आफ्नो अध्ययनको निष्कर्षमा सामाजिका अध्ययन विषय शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगमा कमी भएको, स्थानीय सामग्रीको प्रयोगमा कमी, शिक्षकले पाठ्यक्रमले प्रयोग नगरेको, विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध नभएको, शिक्षकले शैक्षिक याजना निर्माण नगरी शिक्षण गर्ने, विद्यार्थी केन्द्रित उपलब्ध प्रयोगमा कमी, मूल्याङ्क तथा पृष्ठपोषणमा कमी जस्ता समस्याहरू रहेको उल्लेख गर्नुभएको थियो । यी समस्याहरूको समाधानको लागि सन्दर्भ सामग्रीको व्यवस्था, वार्षिक कार्ययोजना, दैनिक पाठयोजनाको निर्माण तथा पृष्ठपोषणमा कमी जस्ता समस्याहरू रहेको कार्ययोजना, दैनिक पाठयोजनाको निर्माण र प्रयोग गर्नुपर्ने, विद्यार्थी केन्द्रित विधिलाई बढावा दिनुपर्ने, स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोगमा ध्यान दिनुपर्ने, शैक्षिक भ्रमण गराउनुपर्ने, शिक्षक निर्देशिकाको प्रयोग गर्नुपर्ने साथै विद्यार्थी मूल्याङ्कनमा ध्यान दिएमा शिक्षणलाई प्रभावकारी बनाउन सकिने निष्कर्ष निकाल्नु भएको थियो ।

## २.३ अवधारणात्मक ढाँचा

कक्षा १० को सामाजिक अध्ययन विषय शिक्षण क्रियाकलापहरू सम्बन्धी अध्ययन गर्न अवधारणात्मक ढाँचा निम्नानुसार तयार पारिएको थियो ।



# अध्याय-तीन

## अध्ययन विधि

अध्ययन अनुसन्धानको विषयवस्तुलाई सरल, सहज, प्रभावकारी र स्तरीय रूपमा सञ्चालन गर्न एक निश्चित कार्य विधि र रणनीतिको आवश्यकता पर्छ जसलाई त्यस विषयको अध्ययन विधि भनिन्छ । अर्थात् अर्को शब्दमा अध्ययनलाई निष्कर्षमा पुऱ्याउन अवलम्वन गरिने विधिलाई अध्ययन विधि भनिन्छ । अध्ययनको विषयलाई अगाडि बढाउन पूर्व निर्धारित विधि एवम् प्रक्रियाहरू निश्चित गरिन्छ, जसको आधारमा अध्ययनले पूर्णता पाउँछ । अनुसन्धान भनेको पुनः खोजी गर्नु बुझिन्छ । कुनै विषयवस्तु सत्य तथ्य साबित गर्न नयाँ ज्ञान पत्ता लगाई समस्या समाधान गर्न गरिने खोज वा शोधपूर्ण कार्यलाई अनुसन्धान भनिन्छ । शैक्षिक अनुसन्धान विधि शैक्षिक सिद्धान्तको निर्माण गर्न र शैक्षिक समस्याको निकर्ष निकाल्नु रहेको हुन्छ । अनुसन्धान नियन्त्रीत, व्यवस्थित, वस्तुपरक, यथार्थ वैध, अनुभव सिद्ध एवम् प्रमाणिक योग्य हुन्छ । अनुसन्धान ३ किसिमले गर्ने परिपाटी छ जसमा गुणात्मक अनुसन्धान, परिणात्मक अनुसन्धान र मिश्रित । अनुसन्धानको विषयवस्तु व्याख्यात्मक एवम् विषयवस्तुलाई आफ्नै शब्द शैलीमा तथ्यपरक, सूचना संकलन गरी मानविय भावना रुची, अनुभवलाई भाषाका रूपमा वयान गरिन्छ भने त्यस प्रकारको अनुसन्धानलाई गुणात्मक अनुसन्धान भनिन्छ । कुनै विषयको अध्ययन कार्य गणितीय तथ्याङ्कहरू प्रयोग गरी तथ्याङ्क शास्त्रीय आधारमा व्याख्या वर्णन गरिन्छ भने त्यसलाई परिमाणात्मक अनुसन्धान भनिन्छ ।

अनुसन्धानलाई कुन रूपमा लैजाने भन्ने सन्दर्भमा अध्ययन कर्ताको क्षमता अनुभव र दक्षतामा भरपर्ने हुन्छ । अध्ययन खदिलो रूपमा गुदी कुरा वा सार कुरा पत्ता लगान गरिन्छ ताकि विषयवस्तुमा नयाँ ज्ञान प्राप्त गर्न सकियो र अध्ययनसँग सम्बन्धित सरोकारवाला सबै पक्षहरूलाई मार्गनिर्देशन सजिलो बनोस् भन्ने अभिप्रायले अध्ययन गरिएको हुन्छ । अध्ययनको मुख्य उद्देश्य कुनै अवस्था, स्थिति, प्रक्रिया, समस्या तथा घटनाको व्याख्या, विश्लेषण गर्नु रहेको हुन्छ अध्ययन गर्न छनौट गरिएको विषयको स्वरूप प्रकृति अनुरूप पनि अध्ययन अनुसन्धान गुणात्मक परिमाणात्मक या दुवै के हुने भन्ने सम्बन्धमा टुङ्गो लगाउन सकिन्छ । त्यसकारण यस अध्ययनको विषय कक्षा-१० को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलापमा शिक्षक, विद्यार्थी र प्र.अ.हरूको शिक्षणप्रतिको धारणा सोचाइको गहिरो अध्ययन गरी बहुवास्तविक बाहिर ल्याउन यसलाई पूर्ण रूपमा गुणात्मक अनुसन्धान विधि प्रयोग गरिएका थियो । यस अध्ययन अनसन्धान साङ्ख्यिक नभएर शाब्दीक बढी हुने गर्दछ र विभिन्न अवस्था प्रक्रिया, समस्या तथा घटनाको अध्ययन तथा विश्लेषणको क्रममा तिनीहरूलाई परिमाणात्मक साङ्ख्यिक मानमा रूपान्तर नगरी शाब्दिक रूपमा मात्रै व्याख्या विश्लेषण गरिनेछ । साथसाथै परिमाणात्मक

तथ्याङ्कहरूलाई पनि पूर्ण रूपमा गुणात्मक विधिमा आधारित रही शाब्दीक रूपमा व्याख्यात्मक प्रक्रियाबाट विश्लेषण गरिने हुनाले यस अध्ययन गुणात्मक अनुसन्धानमा आधारित थियो ।

### ३.१ अनुसन्धान ढाँचा

अध्ययनको प्रकृति, स्वरूप तथा अवस्था स्थितिलाई मध्यनजर गरी त्यसलाई कुशलतापूर्वक सम्पादन गर्न निश्चित योजना तथा कार्यनीतिको जरुरत पर्दछ । पूर्व निर्धारित योजनाले नै लक्ष्य प्राप्त गर्न सक्छ । त्यसकारण अध्ययन अनुसन्धानका लागि तयार पारिएको बृहत योजना तथा कार्यनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । यस अध्ययन अनुसन्धानका लागि निम्नानुसारको ढाँचा अवलम्बन गरी संकलित सूचनालाई पूर्णगुणात्मक रूपले विश्लेषण र व्याख्या गरिएको थियो ।

| क्र.सं. | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १ | शिक्षकहरूको पृष्ठभूमिको पहिचान गर्नु । | दस्तावेज | दस्तावेज अध्ययन |
| २ | शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउनु । | कक्षा अवलोकन,<br>प्रधानाध्यापक,<br>शिक्षक<br>विद्यार्थी | अवलोकन फारम<br>अन्तर्वार्ता<br>अन्तर्वार्ता<br>समूह छलफल निर्देशिका |

### ३.२ जनसंख्या नुमना छनौट

प्रस्तुत अध्ययनका लागि सल्यान जिल्लाका कोटमौला स्रोत केन्द्र अन्तर्गत सञ्चालित उ.मा.वि. तथा मा.वि.हरू क्रमशः श्री भानुभक्त उ.मा.वि. दमाचौर, श्री कालिका मा.वि. कोटमौला, श्री शिशूजागरण मा.वि. कोटमौला र महेन्द्र मा.वि. पिपलनेटाका विद्यालयहरूमा सामाजिक अध्ययन विषय अध्यापन गर्ने ४ जना कक्षा-१० का शिक्षकहरू, ४ जना प्र.अ. हरू र १ विद्यालयबाट ८ विद्यार्थीका दरले ३२ विद्यार्थीहरू छनोट गरिएको थियो । उपलब्ध साधन स्रोत र समयका कारणले सीमित क्षेत्र र जनसंख्यालाई प्रतिनिधित्व हुने गरी नमुना छनौट गरिएको थियो ।

#### ३.२.१ क्षेत्र छनौट

माध्यमिक तहको सामाजिक अध्ययनमा शिक्षण सिकाइ क्रियाकलाप शीर्षक रहेको यस अध्ययनमा अध्ययनकर्ताको सुविधा, समयको अभाव, स्रोत साधनको जस्ता कारणहरू तथा वाध्यताले गर्दा देशका सबै भौगोलिक एवम् सामाजिक क्षेत्रको प्रतिनिधित्व हुने गरी क्षेत्रको छनौट गर्न सकिएको छैन । यस अध्ययनमा सम्भावना रहित नमुना छनोट विधि अन्तर्गत सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी अध्ययन गर्न सल्यान जिल्ला कोटमौला स्रोतकेन्द्र अन्तर्गतका चारवटा विद्यालयलाई छनोट गरिएको थियो । अन्य क्षेत्रका तुलनामा यस क्षेत्रलाई

आफ्नो भरपायक पर्ने भएकाले अध्ययनमा समय लगानिको दृष्टिले सुलभ हुनुको साथै अध्ययनमा वास्तविक सूचना थाहा पाउन सकिने भएकोले यस अध्ययन क्षेत्र छनोट गरिएको थियो ।

### ३.२.२ **विद्यालय छनौट**

सल्यान जिल्लाकोटमौला स्रोतकेन्द्र अन्तर्गत सञ्चालित सामुदायिक मा.वि.हरू ४ मध्ये ४ वटैलाई सीमित साधन, स्रोत र समयको कारणले उद्देश्यात्मक नमूना छनोट विधि मार्फत विद्यालयहरू क्रमशः श्री भानुभक्त उ.मा.वि. दमाचौर, श्री कालिका मा.वि. कोटमौला, श्री शिशूजागरण मा.वि. कोटमौला र महेन्द्र मा.वि. पिपलनेटाका विद्यालयहरू रहेका छन् । यी विद्यलायहरूलाई अध्ययन अनुसन्धान गर्नका लागि छनौट गरिएको थियो ।

### ३.२.३ **प्रधानाध्यापक छनौट**

कुनै पनि सङ्घसंस्थाको प्रमुख व्यक्तिलाई त्यहाको वास्तविकता थाहा हुन्छ । त्यसैले यस अध्ययनमा प्र.अ.बाट आधारिकारिक सत्यतथ्य सुचना संकलनमा हुने भएकाले सबै विद्यालयका प्र.अ.हरूलाई छनोट गरिएको थियो । जसबाट शिक्षकहरूको पृष्ठभूमि पहिचान गर्न र शिक्षण क्रियाकलापको अवस्था सम्बन्धी सूचना संकलन गर्नका लागि छनोटमा परेका प्रत्येक माध्यमिक विद्यालयका प्र.अ.हरूलाई स्वतः छनोट गरिएको थियो

### ३.२.४ **शिक्षक छनौट**

शिक्षकलाई सम्बन्धी विषयको शिक्षण सम्बन्ध यथार्थ जानकारी हुने हुँदा यस अध्ययनमा आवश्यक तथ्य, सत्य यथार्थ, सूचना संकलन गर्न छनौटमा परेका ४ वटै माध्यमिक विद्यालयमा कक्षा १० को सामाजिक विषय अध्यापनरत शिक्षहरूको पृष्ठभूमि पहिचान तथा शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउने सम्बन्धमा आवश्यक सूचना संकलनका लागि ४ जना शिक्षकलाई स्वतः छनौट गरिएको थियो ।

### ३.२.५ **विद्यार्थी छनौट**

विद्यालयको शिक्षण क्रियाकलापमा प्रत्यक्ष संलग्न र त्यसबाट प्रभावित हुने व्यक्ति पनि विद्यार्थी नै भएकाले यस अध्ययनमा आधिकारीक सत्य तथ्य सूचना प्राप्त गर्न सम्बन्धित विद्यार्थीसँग प्राप्त गर्न सकिने भएकोले नमुना छनोटमा परेका प्रत्येक विद्यालयका कक्षा-१० का ४ जना छात्र ४ जना छात्रा पर्ने गरी ४ वटै विद्यालयका जम्मा ३२ जना विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलापको अवस्था पत्ता लगाउन सम्बन्धी आवश्यक सुचना संकलनको लागि विद्यालयका कक्षा १० का कुल छात्राहरू मध्ये ४ जना र कुल छात्रहरू मध्ये ४ जनालाई गोलाप्रथाद्वारा छनोट गरिएको थियो ।

### ३.३ साधनको निर्माण

तथ्याङ्क सङ्कलनको निमित्त प्रयोग गरिने सामाग्री र औजार अध्ययनका साधनहरू भनिन्छ । अध्ययनको क्रममा प्राप्त गरिने सूचना तथ्य प्रमाण, जानकारी र आँकडाहरू नै तथ्याङ्क हुन । शैक्षिक अनुसन्धानहरूमा विशेष गरी तथ्याङ्कहरू संख्यात्मक हुँदैनन् तर पनि उपयुक्त विधि तथा नियमहरूको प्रयोग गरी गुणात्मक रूपान्तरण गर्न सकिन्छ । तथ्याङ्क संकलनको साधनहरूमा अन्तर्वार्ता निर्देशिका, अवलोकन फारामहरू, प्रश्नावली फारमहरू, प्रश्नावली, दस्तावेज अध्ययन, घटनावृत्त अभिलेख, अध्ययन जस्ता साधनहरूको प्रयोग गरिन्छ । प्रस्तुत अध्ययनमा कक्षा १० सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरूको पृष्ठभूमि पहिचान गर्न र शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउनका लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरू सरल एवम् व्यवस्थित रूपमा संकलन गर्नका लागि निम्न साधनहरू निर्माण गरी प्रयोग गरिएको थियो ।

#### ३.३.१ अन्तर्वार्ता निर्देशिका

अन्तर्वार्ता भन्नाले दुई वा दुई भन्दा बढी व्यक्तिहरू आमुनेसामुने बसेर निश्चित उद्देश्य र प्रश्नावलीमा केन्द्रीत भई दोहोरो वार्तालाप गर्ने प्रक्रियालाई बुझिन्छ । अन्तर्वार्ता मुख्य गरी दुई किसिमको हुन्छन् । जसमा संरचित र संरचित । प्रस्तुत अध्ययनमा संरचित अन्तर्वार्ता प्रयोग गरिएको थियो । पूर्वनिर्धारित योजना नै गरिने अन्तर्वार्तालाई संरचित अन्तर्वार्ता भनिन्छ । त्यसैले यस अध्ययनमा गुणात्मक सूचना संकलन गर्ने भएकाले अध्ययनमा गहिराई सम्म पुग्नका लागि यहाँ संरचित अन्तर्वार्ताको प्रयोग गरिएको थियो । यस अध्ययनमा कक्षा-१० सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरूको पृष्ठभूमि पहिचान गर्न र शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउन छनोटमा परेका शिक्षक र प्र.अ.हरूलाई संरचित अन्तर्वार्ता लिइएको थियो ।

#### ३.३.२ लक्षित समूह छलफल

लक्षित समूह त्यस्तो समूहको हो जसको समान उद्देश्य समान विशेषताहरू हुन्छन् । निश्चित आकार हुन्छ र निश्चित प्रक्रियाको आधारमा संचालन गरिएको हुन्छ । यस अध्ययनमा विद्यार्थीहरूलाई लक्षित समूहको रुपमा लिइएको थियो । जसमा शिक्षण क्रियाकलापको अवस्था र शिक्षकको पृष्ठभूमि पत्ता लगाउन छनोटमा परेका विद्यालयका विद्यार्थीहरूलाई समूह छलफल निर्देशिका तयार गरी सोही अनुसार आवश्यक सूचना सङ्ककलन गरिएको थियो ।

#### ३.३.३ कक्षा अवलोकन फारम

शैक्षिक अनुसन्धानमा प्राथमिक सूचनाहरू संकलन गर्न अध्ययनकर्ता स्वयम् कक्षाकोठामा उपस्थिति भई वस्तु, घटना, व्यक्ति, क्रिया वा व्यवहारका बारेमा विविध पक्षहरूको

अध्ययन गरी प्राकृतिक तवरमा अध्ययन गरी प्रत्यक्ष अवलोकन गर्न निर्माण गरिएको फारामलाई कक्षा अवलोकन फाराम भनिन्छ । अवलोकन सहभागितामूलक र असहभागिता मूलक गरी २ किसिमको हुन्छ । यस अध्ययनकर्ता सम्बन्धित विद्यालयको कक्षा शिक्षण क्रियाकलाप अवलोकन गर्न प्रत्यक्ष सहभागी भएर अध्ययन गरिएकाले सहभागिमूलक विधिको प्रयोग गरिएको थियो । जसमा कक्षा-१० को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलापको अवस्था अध्ययनका लागि कक्षा अवलोक फाराम निर्माण गरिएको थियो । जसमा पाठयोजनाको तयारी, पाठ्यवस्तुको प्रस्तुती, कक्षाकोठा व्यवस्थापन, शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्क, गृहकार्य सम्बन्धी विषयवस्तु राखि छनोटमा परेका विद्यालयका प्रत्यक विषयको ४ पटकका दरले १६ वटा कक्षा वटा कक्षा अवलोक गरी सूचना सङ्कलन गरिएको थियो ।

### ३.३.४ दस्तावेज अध्ययन

अनुसन्धानको क्रममा सम्बन्धित सङ्घसंस्थाको विभिन्न महत्त्वपूर्ण सूचनाहरूलाई फाइल गरी राखेको फाइलहरूलाई दस्तावेज भनिन्छ । यस अध्ययनमा विद्यालयमा रहेका प्रमाणहरूलाई अध्ययन गरी सूचना सङ्कलनको लागि दस्तावेज अध्ययन गरिएको थियो । जसमा कक्षा-१० सामाजिक, शिक्षकहरूको शैक्षिक योग्यता, तालिम शिक्षण अनुभव, तालिम, लिङ्ग, उमे, भाषा, ठेगाना, धर्म, स्थायी, अस्थायी विषय विशिष्टीकरण र अध्यापन गराउने विषयसम्बन्धी अध्ययनो लागि छनोटमा परेका विद्यालयहरूलाई सम्बन्धित दस्तावेजहरूको अध्ययन गरी सूचना सङ्कलन गरिएको थियो ।

### ३.३.५ साधनको वैधता निर्धारण

अध्ययन अनुसन्धानको उद्देश्यसँग सम्बन्धित सूचनाहरू संकलन गर्न अन्तर्वार्ता निर्देशिका, समूह छलफल निर्देशिका तथा कक्षा अवलोकनको फारम निर्माण गरी उक्त साधनलाई सहपाठी साथीहरू बीच छलफल गरियो । उक्त छलफलबाट प्राप्त सूचना अनुसार साधनलाई आवश्यक परिमार्जन गरी शोध निर्देशकको सल्लाह तथा सुझाव अनुसार अन्तिम रूप दिई त्यसका आवश्यक संशोधन गरेर वैधानिकीकरण गरिएको थियो ।

## ३.४ तथ्याङ्क संकलन प्रक्रिया

कक्षा-१० को सामाजिक विषयमा शिक्षण क्रियाकलापको अवस्था अध्ययनको लागि प्राथमिक तथा सहायक स्रोतहरूलाई तथ्याङ्कलाई प्रयोग गरिएको थियो । जसअनुरुप प्राथमिक सङ्कलनका लागि नमुना छनोटमा परेका सम्बन्धित विद्यालयका प्र.अ. र शिक्षकसँग निर्धारित प्रक्रिया अनुरुप अन्तर्वार्ता लिइएको थियो । त्यस्तै विद्यार्थीहरूलाई समूह छलफल निर्देशिका तयार गरी आवश्यक सूचना संकलन गरिएको थियो । साथै कक्षाकोठामा सहभागीतात्मक रुपमा सञ्चालित शिक्षण क्रियाकलापको अवलोकन गरी सूचनाहरू प्राप्त गरिएको थियो भने सहायक स्रोतअन्तर्गत विद्यलायमा राखिएका रेकर्ड एवम् अभिलेख दस्तावेज कार्यतालिका अवलोकनलाई

लिइएको थियो । जस अनुसार यस अध्ययनको उद्देश्यमा आधारित रही यथार्थ सूचनाहरूको सङ्कलनको लागि आवश्यक साधनको निर्माण गरी त्रिभुवन विश्वविद्यलाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभागबाट औपचारिक पत्र लिइएको थियो । त्यस पश्चात् सल्यान जिल्ला कोटमौला स्रोतकेन्द्र अन्तर्गतका ४ वटा सामुदायिक मा.वि.लाई उद्देश्यात्मक नमुना विधिमा आधारित रही छनोट गरिएको थियो । छनोट परेका विद्यालयका प्र.अ.सँग भेटी आफ्नो अध्ययनको उद्देश्यको जानकारी गराई आवश्यक तथ्याङ्क सङ्कलनको लागि अनुमति लिइएको थियो । त्यसपश्चात शिक्षकसँग अनुमति लिई अन्तर्वार्ता, कक्षा शिक्षण अवलोकन, प्र.अ.सँग अन्तर्वार्ता तथा दस्तावेज अध्ययन र विद्यार्थीसँग समूह छलफल गरी सूचना सङ्कलन गरिएको थियो ।

### ३.५ सूचना प्रक्रिया

शैक्षिक अनुसन्धानमा संख्यात्मक तथ्याङ्क मात्र नभई गुणात्मक तथ्याङ्कहरू हुन्छन । यस अध्ययनको उद्देश्यहरू पुरा गर्न आवश्यक पर्ने सूचना संकलन गर्न निर्माण गरिएका अध्ययन सामग्रीहरू कक्षा अवलोकन फारम, अन्तर्वार्ता निर्देशिक, लक्षित समूह छलफल निर्देशिकाका साथै दस्तावेज अध्ययनबाट प्राप्त प्राकृतिक सूचनाहरूलाई वर्णनात्मक विधि मार्फत उद्देश्य अनुसार क्रम मिलाएर शाब्दिक रूपमा विश्लेषण र व्याख्या गरिएको थियो ।

### ३.६ नैतिकताको मापदण्डहरू

प्रस्तुत अध्ययनलाई सञ्चालन गर्दा उत्तरदाताहरूसँग सुमधुर सम्बन्ध कायम गर्दै उनिहरूको व्यक्तिहरूको व्यक्तित्वमाथि कुनै आँच आउने कार्य गरिएको थिएन । उत्तरदाताहरूबाट प्राप्त सूचनाहरूलाई गोप्य राख्ने कुरामा विश्वास दिलाइएको थियो । साथै उनीहरूको व्यक्तित्वमा असर पुऱ्याउने कुनै पनि कुरालाई प्रतिवेदनमा समावेश नगरिने सम्झौता गर्दै उत्तरदाताको सम्मानमा पूर्णतया ध्यान दिइएको थियो ।

# अध्याय चार

# तथ्याङ्क विश्लेषण र व्याख्या

कुनै पनि अनुसन्धान कार्यका लागी तथ्याङ्क संकलन गरिसकेपछि तथ्याङ्कको विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । यस अनुसन्धानमा कक्षा १० को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप भन्ने शीर्षक अन्तर्गत कक्षा १० को सामाजिक विषय शिक्षकको पृष्ठभूमि पहिचान गर्नु र कक्षा १० को सामाजिक विषय शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउनु भन्ने उद्देश्यहरू राखिएको थियो । उक्त उद्देश्यहरू पूरा गर्नका लागी छनौटमा परेको सल्यान जिल्लाको कोटमौला स्रोत केन्द्रका सामुदायिक मा.वि.हरूमा शिक्षक प्र.अ.हरूसँग अर्न्तवार्ता प्रश्नावली, कक्षा अवलोकन तथा विद्यार्थीहरूसँग लक्षित छलफल गरि संकलन गरिएको सूचना प्रतिक्रिया र सूझावका आधारमा विश्लेषण र व्याख्या गरिएको थियो ।

## ४.१ कक्षा १० को सामाजिक विषय मा शिक्षण क्रियाकलाप

### ४.१.१. शिक्षकहरूको पृष्ठभूमि

विद्यालयमा कक्षा शिक्षण गर्ने व्यक्तिलाई शिक्षक भनिन्छ । शिक्षक विद्यार्थीहरूको व्यवहार परिवर्तन गराउने जिम्मेवार व्यक्ति हो । शिक्षा दिने विद्यार्थीहरूको व्यवाहारमा परिवर्तन ल्याउने एक मात्र कार्यरत र कर्तव्यनिष्ट व्यक्ति नै शिक्षक हो । शिक्षक त्यस्तो व्यक्ति हो जसले विद्यालयमा सामाजिक र शैक्षिक पथ प्रदर्शन गर्नको साथै सामाजिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्वका रूपमा शिक्षकलाई मानिन्छ । त्यसकारण यस अध्ययनको क्रममा शिक्षकको पृष्ठभूमि अन्तर्गत शैक्षिक योग्यता, तालिम अनुभव, विषय विशिष्टीकरण, अध्यापन गराउने, लैङ्गिक अवस्था, उमेर, मातृभाषा, धार्मिक अवस्था, जात/जातिसम्बन्धी सूचना संकलनका लागि सम्बन्धित विद्यालयका प्रधानाध्यापक र शिक्षकसँग अन्तर्वार्ता तथा दस्तावेज अध्ययनबाट शिक्षकको पृष्ठभूमिअन्तर्गत निम्न पक्षहरू तालिकामा समावेश गरिएको छ ।

**तालिका नं. ४.१**
**कक्षा १० को सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकहरूको पृष्टभूमी**

| **शिक्षक विवरण** | **विद्यालयगत सामाजिक विषय शिक्षक** | | | |
|---|---|---|---|---|
| | **भा.भ.मा.वि. दमाचौर** | **कालीका मा.वि. कोटमौला** | **शिशुजागरण मा.वि. कोटमौला** | **महेन्द्र मा.वि. पिपलनेटा** |
| **शिक्षकको नाम** | टंक बहादुर पुन | मुक्तिनाथ शर्मा | तिलक बहादुर वली | खुमानन्द के.सी. |
| स्थायी ठेगाना | दमाचौर, ९ सल्यान | कोटमौला | कोटमौला | पीपलनेटा- ६ |
| जतजाति | मगर | ब्राह्मण | क्षेत्री | क्षेत्री |
| मातृभाषा | नेपाली | नेपाली | नेपाली | नेपाली |
| धर्मिक अवस्था | हिन्दू | हिन्दू | हिन्दू | हिन्दू |
| लैङ्गिक अवस्था | पुरुष | पुरुष | पुरुष | पुरुष |
| उमेर अवस्था | ३६ वर्ष | ३७ वर्ष | २६ वर्ष | ४३ वर्ष |
| शैक्षिक योग्यता | बि.एड. | बी.एड | बी. एड | बी. कम, बी. एड |
| तालिमको अवस्था | प्राप्त | प्राप्त | प्राप्त | प्राप्त |
| बिषय विशिष्टीकरण | अर्थशास्त्र | जनसंख्या | जनसंख्या | लोखा, अर्थशास्त्र |
| शिक्षण गर्ने विषय | अर्थशास्त्र, सामाजिक | स्वास्थ्य, जनसंख्या तथा वातावरण, सामाजिक | स्थास्थ्य, जनसंख्या तथा वातावरण, सामाजिक | सामाजिक |
| शिक्षण अनुभव वर्ष | १२ वर्ष | ८ वर्ष | ५ वर्ष | १५ वर्ष |
| स्थायी, अस्थायी | अस्थायी | अस्थायी | राहत | अस्थायी |
| अन्य | | | | |

स्रोतः- स्थलगत अध्ययन, २०६८

माथिको तालीका नं.४.१ मा उल्लेख गरिएका शिक्षकहरू सम्वन्धीत गा.वि.स. का भएकोले सबै घरपायक भएको पाइयो भने सबै शिक्षकहरू पुरुष, ३ जना क्षेत्री र १ जना मगर तथा १ जना ब्राह्मण हुनुको साथै सबै हिन्दू धर्म मान्दै आएको पाईयो । भाषागत रूपमा नेपाली भाषा प्रयोग गर्ने र शिक्षणमा भाषिक कठिनाई नभएको पाईयो । उमेरको हकमा २६ वर्षदेखी ४३ वर्षभित्रका भएकोले शिक्षणमा उत्साह तथा जाँगरिला हुनुको साथै सबै शिक्षकहरू तालीम प्राप्त रहेको देखियो । ४ जना शिक्षकले न्यूनतम योग्यता हासील गरेका, तथा विषय विशिष्टीकरण र शिक्षण गर्दै आएको विषय सामाजिक शिक्षामा नभई सामाजिक विज्ञानहरू जनसंख्या शिक्षा र अर्थशास्त्रमा सबै सामाजिक शिक्षकले विषय विशिष्टिकरण गरेको पाईयो । अर्थात् सामाजिक शिक्षाका सामाजिक विज्ञानहरूमा बहूविषयहरूमा विशिष्टिकरण गरेर सामाजिक शिक्षा शिक्षण गर्दै आएकोले सामाजिक विषय शिक्षण गर्दा अन्य बहूविषयकमा जटिलता तथा कठिनाई आएको भन्ने कुरा शिक्षकहरको प्रतिक्रिया पाईयो । सामाजिक विषयका शिक्षकहरूको शिक्षण अनुभव ५ वर्ष देखी १५ वर्षसम्म भएको र सबै शिक्षकहरू अस्थायी, २ जना शिक्षक दरबन्दीमा १ जना राहत र १ जना लियन पदमा नि.मा. स्तर दरबन्दीमा रहेर अध्यापन गर्दै आएको पाईयो ।

समग्रमा विभिन्न उमेर समूहका शिक्षकहरू (२६-४३ वर्ष) सबै अस्थायी शिक्षकहरू पाइयो । सबै विद्यालयमा शैक्षिक माध्यमको भाषा नेपाली नै थियो । शैक्षिक योग्यता पुरा गरेका अनुभवि, तालिम प्राप्त र सम्बन्धित विषयमा नै विषय विशिष्टिकरण गरेको हुँदा शिक्षण सिकाइ सही हुन सक्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.२ शिक्षण क्रियाकलापको अवस्था

शिक्षण क्रियाकलाप भनेको विषयवस्तु, शैक्षिक वातावरण बीचको योजनाबद्ध र नियन्त्रित सम्वन्ध हो । शैक्षिक अनुभवहरू प्रदान गर्नका लागी शिक्षक र विद्यार्थीहरू विषयवस्तु मा विभिन्न शैक्षिक क्रियाकलापहरूमा संलग्न हुन्छन । अतः शिक्षक विद्यार्थीहरूले विषयवस्तुमा शैक्षिक सामग्री, शैक्षिक वातावरण तयार गरी शिक्षण विधि प्रयोग गरेर गरिने अन्तरक्रियात्मक क्रियाकलापलाई शिक्षण सिकाई क्रियाकलाप भनिन्छ । विद्यार्थीहरूमा विविध रुची, चहाना प्रवृति तथा आवश्यकता हुन्छन । साथै विविध क्षमता हरू पनि हुन्छन र यी सम्पूर्ण कुराहरूलाई ध्यान दिएर शिक्षण गर्नु कूशल शिक्षकको कर्तव्य ठर्हछ । विषयबवस्तुको जटिलता तथा कठिनाईस्तर उपलब्ध समय, साधन श्रोत तथा विद्यार्थीहरूलाई सिकाई अवसर, पृष्टपोषण र मूल्यङ्कंकन जस्ताविविध पक्षहरूमा समेत ध्यान दिनूपर्छ । पाठ्यवस्तु सूरुवात गर्नु पूर्व विद्यार्थीहरूमा ती सिकाई अनुभवहरू प्राप्त गर्न सक्ने पूर्व ज्ञान के कस्तो छ भनि पहिचान गर्नु पर्दछ । त्यसकारण शिक्षण क्रियाकलापको अवस्था पत्ता लगाउनका लागि प्र.अ.सँग अन्तर्वार्ता अनुसूची ङ, शिक्षकसँग अन्तर्वार्ता अनुसुची च, कक्षा शिक्षण अवलोकन फाराम अनुसूची छ र विद्यार्थीसँग

समूह छलफल निर्देशिका अनुसूची ज बाट प्राप्त तथ्याङ्कलाई संक्षिप्त रूपमा तालिकामा प्रस्तुत गरी विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.२.१ **कक्षाकोठाको व्यवस्थापन**

शिक्षण क्रियाकलाप सञ्चालन गर्ने स्थान विशेष लाई कक्षाकोठा भनिन्छ । कक्षाकोठा नै विद्यार्थीहरूको लागि अध्ययन गर्ने मुख्य थलो हो । कक्षा कोठाको व्यवस्थापन उपयुक्त शान्त, सुन्दर तथा आर्कषक हुनु पर्दछ । विद्यार्थीहरूका लागी कक्षाकोठा राम्रो र आर्कषक नभएको अवस्थामा सिकाई रुची पूर्ण एवम् प्रभावकारी हुँदैन । तसर्थ शिक्षण गर्ने मुख्य केन्द्र कक्षाकोठाको व्यवस्थापन विद्यार्थीहरूका लागी आकर्षित भएको अवस्थामा मात्र शिक्षक र विद्यार्थीले अपेक्षा गरे अनुरूपको उद्देश्य पूर्ति गर्न सकिन्छ । कक्षाकोठामा कक्षा कार्य गर्नेदेखी लिएर पाठ्यान्तर क्रियाकलापका सम्पूर्ण पक्षहरूलाई सम्पन्न गर्नु पर्ने हुन्छ । कक्षाकोठाको व्यवस्थापन अर्न्तगत प्राप्त सूचना एक तथ्यहरूलाई निम्न तालीकाद्वारा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**कक्षाकोठा व्यवस्थापन**

| भौतिक व्यवस्थापन | विद्यालय | | | |
|---|---|---|---|---|
| | भानुभक्त उच्च मा.वि. | कालिका मा.वि. | शिशुजागरण मा.वि. | महेन्द्र मा.वि. |
| भवनको छाना | टिन (जस्तापाता) | टिन (जस्तापाता) | टिन (जस्तापाता) | टिन (जस्तापाता) |
| कालोपाटीको रखाई र आकार | उपयुक्त | उपयुक्त | उपयुक्त | केही सानो |
| कक्षाकोठाको सरसफाई | केही मात्रा | सफा सुग्घर | सफा सुग्घर | सफा सुग्घर |
| फर्निचरको व्यवस्था | उपयुक्त मात्रा | उपयुक्त मात्रा | प्राप्त नभएको | प्राप्त नभएको |
| विद्यार्थीको बसाईको अवस्था | छात्र र छात्रा एउटै बेन्चमा | छात्र छात्रा एउटै बेन्चमा | छात्र र छात्रा फरक फरक लाइनमा | छात्र र छात्रा एउटै वेन्चमा |
| प्रकाशको व्यवस्था | केही मात्रा | केही मात्रा | उपयुक्त मात्रामा | उपयुक्त मात्रामा |
| कक्षाकोठा सजावट | महत्त्वपूर्ण व्यक्तिका तस्विर | महत्त्वपूर्ण भनाईहरू लेखिएको चार्ट | तस्विर, चार्ट | अनुशासन सम्बन्धी लेखिएको चार्ट |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

प्रस्तुत तालिका ४.२ को अध्ययनबाट सबै विद्यालयमा ढुङ्गा माटाको भवन (अर्धपक्की) भएको साथै छाना पनि टिन (जस्तापाटा) भएको देखियो भने कालोपटी रखाई तीनवटा विद्यालयमा कक्षाकोठाको आकार अनुसार उपयुक्त ठाउँमा राखिएको साथै साइज पनि

उपयुक्त नै भएको पाइयो तर एक विद्यालयमा कक्षाकोठा अनुसार कालोपाटीको साइज सानो र बढी उचाईमा राखिएको थियो । कक्षाकोठाको सरसफाई तीनवटा विद्यालयमा सफासुग्घर थियो भने एक विद्यालयमा केही मात्रामा सफासुग्घर नभइ फोहोर कागज टुक्राहरू फालिएको थियो । साथै फर्निचरको व्यवस्था दुईवटा विद्यलायमा विद्यार्थी संख्याको अनुपातमा कम भएका पाइयो र विद्यार्थी बसाईको व्यवस्था विद्यालयले छात्र तथा छात्रालाई फरक फरक ठाउँ वा एक लाइनमा छात्रा र अर्को लाइनमा छात्रालाई बस्ने व्यवस्था गरे तापनि तीनवटा विद्यालयमा छात्र र छात्रा मिश्रित रूपमा बसेका थिए भने एक विगद्यालयमा फरक फरक लाइनमा बसेको पाइयो । कक्षाकोठामा आवश्यक प्रकाशको व्यवस्थाको लागि सबै विद्यालयमा एक ढोका र दुई दुईवटा झ्याल राखिएको पाइयो । तर दुईवटा विद्यालयमा पर्याप्त मात्रामा प्रकाशको व्यवस्था नभएको देखियो । कक्षाकोठाको सजावटमा सबै विद्यालयमा केही मात्रामा तस्विर, चार्ट राखिएको थियो ।

कक्षाकोठाको व्यवस्थालाई हेर्दा सबै विद्यालयमा झ्याल, ढोकाको व्यवस्था, कालोपाटीको व्यवस्था छात्र र छात्रालाई फरक फरक लाइनमा बस्ने व्यवस्था सरसफाई र कक्षाकोठाको सजावटलाई हेर्दा सामान्यतया समानता नै पाइयो । तर प्रभावकारी शिक्षणको लागि एउटा कक्षाको आवाजले अर्को कक्षाको पढाइलाई असर नपार्ने खालको हुनुपर्दछ । कक्षा कोठामा राखिएको फर्निचर र कोठाको बनावटमा अगाडि देखि क्रमशः पछाडिको भू-भाग उचाइ भएको हुनु पर्दछ । यसको साथै कक्षा कार्य गर्न मिल्ने किसिमको खाली स्थान रहने गरी कक्षा कोठा निर्माण गरिनुको साथै चारैतिर घुम्न मिल्ने गरी बेन्चको व्यवस्थापन गर्नका लागि ध्यान पुऱ्याउन सके कक्षाकोठा व्यवस्थित भई शिक्षण क्रियाकलाप प्रभावकारी र सहज रुपमा सञ्चालन गर्न सकिने शिक्षक तथा विद्यार्थीहरूको धारणा रहेको पाइयो । पर्याप्त मात्रामा कक्षाको सुरुवाट, फर्निचरको व्यवस्था, शैक्षिक सामग्रीको व्यवस्थापन जस्ता पक्षमा सबै विद्यालयमा ध्यान नदिएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.२ सामाजिक विषयको शिक्षण क्रियाकलापको अवस्था

सामाजिक अध्ययन विषय शिक्षण क्रियाकलापको अवस्थासम्बन्धी सूचना अनुसूची च, छ, ज बाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.४.३**

**सामाजिक विषयको शिक्षण क्रियाकलाप अवस्था**

| **कक्षा शिक्षण क्रियाकलाप विवरण** | **सामाजिक विषयको कक्षा शिक्षण क्रियाकलाप** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **भानुभक्त उच्च मा.वि.** | | **कालिका मा.वि.** | | **शिशुजागरण मा.वि.** | | **महेन्द्र मा.वि.** | |
| | **कक्षा अवलोकन** | **शिक्षक अन्तर्वार्ता** | **कक्षा अवलोकन** | **शिक्षक अन्तर्वार्ता** | **कक्षा अवलोकन** | **शिक्षक अन्तर्वार्ता** | **कक्षा अवलोकन** | **शिक्षक अन्तर्वार्ता** |
| पाठयोजना निर्माण | नबनाएको | बनाउने | नबनाएको | बनाउने | नबनाएको | बनाएको | नबनाएको | नबनाउने |
| कक्षा शिक्षण सुरुवात | सिधै विषयवस्तुमा प्रवेश | पूर्वपाठको स्मरण गराएर | पूर्वपाठको स्मरण गराएको | पूर्वपाठको स्मरण गराएको | पूर्वपाठको स्मरण गराएको | पूर्वपाठको स्मरण गराएको | पूर्वपाठको स्मरण गराएको | पूर्वपाठको स्मरण गराएको |
| शिक्षण विधि | व्याख्यान, प्रश्नोत्तर | प्रदर्शन, क्षेत्र भ्रमण, प्रश्नोत्तर | व्याख्यान छलफल | प्रदर्शन, प्रश्नोत्तर, व्याख्यान | व्याख्यान, छलफल, प्रश्नोत्तर | प्रश्नोत्तर, क्षेत्र भ्रमण, समस्या समाधान | प्रश्नोत्तर व्याख्यान, छलफल | प्रदर्शन क्षेत्र भ्रमण, प्रश्नोत्तर |
| शैक्षिक सामग्री | कालोपाटी, चक, डस्टर | नक्सा, ग्लोब, चार्ट | कालोपटी चक, डस्टर | नक्सा, ग्लोब, चार्ट, तस्विर | कालोपाटी चक, डस्टर | नक्सा, ग्लोव, चार्ट, | कालोपाटी, चक, डस्टर | नक्सा, ग्लोव, चार्ट |
| विद्यार्थी मूल्याङ्कन | मौखिक प्रश्न | लिखित र मौखिक | मौखिक प्रश्न | लिखित र मौखिक प्रश्न | लिखित र मौखिक प्रश्न | मौखिक र लिखित प्रश्न | मौखिक प्रश्न | मौखिक प्रश्न |
| पाठको समाप्ती | सारांश नबताएको | सारांश बताएर गरिने | सारांश नबताएको | सारांश बताएर | सारांश बताएको | सारांश बताएर र नयाँ पाठ शीर्षक भनेर | सारांश बताएर | सारांश बताएर |
| गृहकार्य | नदिएको | दिने र हेर्ने गरिने | दिएको तर नहेरेको | दिने र हेर्ने गरिने | दिएको र हेरेको | दिने र हेर्ने गरेको | दिएको र हेरेको | दिने र कहिले काँही हेर्ने |

स्रोत : स्थलगत अध्ययन, २०६८ ।

माथि प्रस्तुत तालिका नं. ४.३ मा शिक्षक अन्तर्वार्ताका क्रममा तीन जना शिक्षकले लिखित पाठयोजना बनाउने बताए पनि अवलोकनका क्रममा बनाएको पाइएन । त्यस्तै कक्षा शिक्षण सुरुवात गर्दा पूर्व पाठको स्मरण गराई नयाँ पाठको सुरुवात गर्ने बताए पनि एक जना शिक्षकले सिधै नयाँ पाठ सुरुवात गरेको देखियो भने विद्यार्थीसँग छलफल गर्दा पनि प्रायजसो पूर्व पाठका स्मरण गराए पनि सधै त्यसो नगर्ने बताए । शिक्षक अन्तर्वार्ताका क्रममा शिक्षण गर्दा खोज, प्रदर्शन, क्षेत्रभ्रमण, समस्या समाधान विधि प्रयोग गर्ने प्रतिक्रिया दिए पनि व्याख्यान, छलफल, प्रश्नोत्तर विधि नै बढी प्रयोग गरिएको अवलोकन र समूह छलफलबाट पाइयो । त्यसैगरी शैक्षिक सामग्रीका सन्दर्भमा विषयवस्तु अनुसार नक्सा, ग्लोब, चार्ट, तस्वीर, चित्र प्रयोग गरिने बताए पनि अवलोकनमा दैनिक प्रयोगका सामग्री कालोपाटी, चक, डस्टर मात्र प्रयोग गरेर देखियो साथै समूह छलफलमा पनि कहिलेकाहीँ नक्सा, ग्लोब प्रयोग गरे तापनि अरू सामग्री कालोपाटीमा नै बनाएर शिक्षण गर्ने बताएका थिए । त्यस्तै मूल्याङ्कनका सन्दर्भमा सबै शिक्षकले लिखित र मौखिक प्रश्नद्वारा गरिने बताए पनि एकजना शिक्षकले लिखित र मौखिक प्रश्द्वारा मूल्याङ्कन गरेको देखियो भने समूह छलफलमा प्रायःजसो मौखिक प्रश्नद्वारा मूल्याङ्कन गर्ने बताएका थिए । त्यस्तै पाठको समाप्ति गर्दा शिक्षकले सारांश गराएर गरिने बताए पनि समूह छलफलमा सबै शिक्षकले कहिलेकाहीँ मात्र सारांश ताएर अन्त्य गर्ने गरेको बताएका थिए । साथै गृहकार्य दैनिक रूपमा दिने र हेर्ने  पनि गरिने प्रतिक्रिया अन्तर्वार्तामा दिए पनि कक्षा अवलोकन गर्दा एक जना शिक्षकले मात्र हेरेको पाइयो भने समूह छलफलमा क्रममा पनि केहिलेकाहीँ मात्र गृहकार्य दिने र हेर्नुका साथै प्रत्येक पाठको अन्त्यमा दिएका प्रश्न मात्र हल गर्न लगाउने र हेर्ने गरेको बताएका थिए ।

समग्रमा सामाजिक अध्ययन विषयको शिक्षण क्रियाकलापको विश्लेषण गर्दा विना पाठयोजना योजना निर्माण नगरी व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको प्रयोग गरी दैनिक प्रयोगका शैक्षिक सामग्री कालोपाटी, चक, डस्टरको मात्र प्रयोग गरी मौखिक प्रश्नद्वारा मूल्याङ्कन गरी सबै शिक्षकले शिक्षण गराउँदै आएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.३ शिक्षण क्रियाकलापप्रति प्रधानाध्यापकको प्रतिक्रिया

विद्यलायमा प्रधानाध्यापको महत्त्वपूर्ण भूमिका हुन्छ । प्रत्येक विद्यालयमा प्रधानाध्यापकले शिक्षणसम्बन्धी गतिविधि दैनिक अध्ययन गरी शिक्षणमा देखिएका समस्यालाई समाधान गर्दै राम्रा पक्षहरूलाई निरन्तरता दिँदै आवश्यकता अनुसार शिक्षक र विद्यार्थीलाई पृष्ठपोषण प्रदान गर्दै जानुपर्दछ । अध्ययनको क्रममा नमूना छनौटमा परेका विद्यालयका प्र.अ.लाई अनुसूची ङ अनुसार अन्तर्वार्ता गरी प्रतिक्रिया लिइएको थियो । जसमा विद्यालयमा शिक्षक र विद्यार्थी अनुपात सम्बन्धी प्रश्न गर्दा कालिका मा.वि. र शिशुजागरण मा.वि.का प्र.अ.ले शिक्षक संख्या कम भएको बताए भने बाँकी दुई विद्यालयका प्र.अ. ले शिक्षक संख्या

अवाश्यकता अनुसार भएका प्रतिक्रिया दिएका थिए । सबै विद्यालयका प्र.अ.ले सबै शिक्षक न्यूनतम योग्यता पूरा गरेका आवश्यता अनुसार दश महिना, छ महिना तीन महिना, एक महिना तालिम लिएका पुरुषको तुलनामा महिला शिक्षिका अन्यन्त कम मात्रामा भएको, दैनिक पाठयोजना सबै शिक्षकले नबनाउने तर वार्षिक कार्यतालिका नुसार शिक्षण गर्ने, शैक्षिक सामग्री प्रयाप्त मात्रामा विद्यालयमा नभएको तर भएका सामग्री पनि एक दुई शिक्षकले मात्र प्रयोग गर्ने, शिक्षण विधि प्रायः जसो सबै शिक्षकले व्याख्यान, छलफल, समस्या समाधान, प्रश्नारत्रर विधि नै बढी प्रयोग गर्दै आएका, कक्षा अवलोकन आवश्यकता अनुसार निरीक्षण गर्नुका साथै विद्यार्थीसँग पनि शिक्षणसम्बन्धी समयसमयमा सोधपुछ गर्ने गरेको समान प्रतिक्रिया सबै विद्यालयका प्र.अ.बाट पाइयो ।

प्रभावकारी शिक्षणका लागि सरकारी तर्पबाट तालिम, गोष्ठी, सेमिनारको प्रयोग गर्नुका साथसाथै समय-समयमा निरीक्षण पनि गर्नुपर्ने र शिक्षकले पनि त्यसलाई कक्षाकोठामा प्रयोग शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्ने, पाठ्यवस्तु अनुसार शिक्षण विधि र शैक्षिक सामग्रीको निर्माण तथा प्रयोगमा ध्यान दिनुपर्ने पाठ्यवस्तु अनुसार शिक्षण विधि र शैक्षिक सागम्रीको निर्माण तथा प्रयोगमा ध्यान दिनुपर्ने विषयमा समान प्रतिक्रिया सबै प्र.अ.बाट पाइयो । वर्तमान अवस्थामा शिक्षण सिकाइ क्रियाकलापमा देखिएका समस्याहरूसम्बन्धी प्रश्न गर्दा भानुभक्त उच्च मा.वि.का प्र.अ.ले नियमित विद्यार्थी विद्यालयमा नआउनु र अभिभावकले पनि छोराछोरीको पढाइप्रति ध्यान नदिनु मुख्य समस्या रहेको बताए । यसको समाधानका लागि अभिभावकहरूलाई शिक्षण प्रदान, गर्नुपर्ने बताए भने कालिका मा.वि.का प्र.अ. ले विद्यार्थीको चाहना रुचि अनुसार पाठ्यवस्तु नहुनु यसका लागि पाठ्यक्रम परिवर्तन गर्नुपर्ने बताएर । त्यस्तै शिशुजागरण मा.वि. र महेन्द्र मा.वि. का प्र.अ. ले सबै विद्यार्थी पठनपाठनमा सक्रिय नहुनु साथै अभिभावकले पनि आफ्ना छोराछोरीको पढाइप्रति वास्ता नगर्नु मुख्य समस्या भएको बताए । यसको लागि योजना सहित विद्यार्थीलाई शिक्षणमा ध्यान दिने कार्यक्रम ल्याउनुका साथै अभिभावकहरूलाई पनि छोराछोरीको ध्यान पुऱ्याउनु सल्लाह सुझाव दिनुपर्ने प्रतिक्रिया बताउनु भयो ।

शिक्षण सिकाइ क्रियाकलापप्रति सामान्यतया सबै विद्यालयका प्राप्त एउटै समस्याहरू भएको पाइयो । शिक्षणमा शिक्षक-विद्यार्थीले नै बढी मात्रामा ध्यान पुऱ्याउनुका साथै विषयवस्तु अनुसार शिक्षण विधि, शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्नुपर्ने, निरन्तर मूल्याङ्कन गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रयोग गरी सुधार गर्दै जाने विषयमा शिक्षकले ध्यान दिनुपर्ने सबै विद्यालयका प्र.अ.ले बताएर । त्यसकारण सबै प्र.अ.ले आफू सदैब शिक्षकलाई सहयोग गर्न तयार र शिक्षणप्रति सधै उत्तरदायी भएको निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.४ शिक्षण क्रियाकलापप्रति विद्यार्थीको प्रतिक्रिया

कक्षा शिक्षणमा शैक्षिक सामग्री विना व्याख्यान, छलफल, प्रश्नोत्तर विधिको मात्र प्रयोग गरी शिक्षण गर्ने, मूल्याङ्कका नाममा परीक्षालाई मात्र प्रयोग गरिनाले शिक्षणमा आफूहरूलाई समस्या भएको बताएका थिए भने सुधारात्मक शिक्षणका लागि विषयवस्तु अनुसार शैक्षिक सामग्रीका प्रयोग गरी क्षेत्र भ्रमण, प्रदर्शन, खेल, अभिनय, समस्या समाधान विधिको प्रयोग गरी निरन्तर मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गरेमा शिक्षणमा नविनता ल्याउन सकिने प्रतिक्रिया विद्यार्थीहरूले राखेका थिए ।

## अध्याय पाँच
## प्राप्ती, निष्कर्ष र सुझावहरू

प्रस्तुत अध्ययन सल्यान जिल्ला कोटमौला स्रोतकेन्द्रमा सञ्चालित सामुदायिक माध्यामिक विद्यालयमा "कक्षा १० को सामाजिक अध्ययन विषयमा शिक्षण क्रियाकलाप" शीर्षकअन्तर्गत अध्ययन गरिएको यस शोधकार्यका लागी प्राप्त भएका प्राप्ती, निष्कर्ष र सुझावहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्तीहरू

- अध्ययन गरिएको सामुदायिक माध्यामिक विद्यालयहरूका शिक्षकहरू न्युनतम शैक्षिक योग्यता प्राप्त, अनुभवी र तालीम प्राप्त भएको पाईयो ।
- सामाजिक विषय शिक्षण गर्ने शिक्षकहरूले सम्बन्धित विषयमा विशिष्टीकरण गरेको पाईयो ।
- प्रत्येक विद्यालयका शिक्षकहरूवाट शैक्षणिक योजना निर्माण नगरीएको तर जिल्ला शिक्षा कार्यालयले उपलब्ध गराएको कार्यपात्रोको आधारमा शिक्षण गरिएको पाईयो । यसबाट के प्रमाणित हुन्छ भने प्रत्येक शिक्षकले वार्षिक कार्ययोजना, एकाई योजना तथा दैनिक पाठ्योजना निर्माण नगरि शिक्षण गरेको पाईयो ।
- अध्ययन गरिएका ४ वटा माध्यामिक विद्यालयहरूमा कक्षा १० को सामाजिक विषयको शिक्षक निर्देशिका तथा पाठ्यक्रम नभएको जसले गर्दा शिक्षणमा प्रभावकारीता नभएको पाईयो ।
- सामाजिक विषयका लागी स्थानिय स्तरमा शिक्षक आफैले निर्माण गरेर तथा खोज गरेर शिक्षण गर्न सकिने अवस्था भए तापनि त्यस्ता सामग्रीको निर्माण नगरी अभाव देखाउदै सामग्रीको प्रयोग नगरी शिक्षण गरिएको पाईयो ।
- कक्षा शिक्षणमा विशेष गरी छलफल, व्याख्या र प्रश्नोत्तर विधिबाट मात्र शिक्षण गर्ने गरेको पाईयो । यद्यपी सामाजिक अध्ययन विषयमा भने विद्यार्थीहरूको सकारात्मक धारण पाईयो । यी विधिको साथ साथै शिक्षणमा खोज विधि समस्या समाधान विधि, क्षेत्रभ्रमण विधि, अभिनय विधि, प्रदर्शन विधि आदिको प्रयोग ज्यादै कम मात्रामा प्रयोग गरिएको पाईयो भने व्याख्या विधी र पाठ्यपुस्तकको मात्र बढी प्रयोग गरी सामाजिक विषय शिक्षण गरिएको अवस्थाले शिक्षण प्रभावकारी नभएको पाईयो ।
- सामाजिक विषयमा क्षेत्रभ्रमण बढी महत्त्वपुर्ण हुदाहुदै त्यसतर्फ प्र.अ. तथा शिक्षकहरू कसैको सोच नपुगेको पाईयो जसको कारण सामाजिक शिक्षाका उद्देश्यहरू पुरा हुन नसकेको पाईयो ।
- माद्यामिक तहको कक्षा १० को सामाजिक विषयलाई पाठ्यक्रमको १५० घण्टि निर्धारण गरेकोले सो घण्टि अपर्याप्त भएको निष्कर्ष पाईयो ।

- छनौट गरिएका विद्यालयहरूमा विद्यार्थी संख्या धेरै एउटै कक्षाकोठामा राखेर शिक्षण गर्नुपर्ने बाध्यात्मक परिपाटि भएको हुँदा सामाजिक शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोग समुह विभाजनमा कठिनाई, छलफल, अभिनय विधि अपनाउन गाह्रो भएकाले शिक्षणमा प्रभावकारीता ल्याउन नसकिएको कुरा पाइयो ।
- सामाजिक विषय शिक्षण सम्वन्धमा आवाश्यक पर्ने शैक्षिक सामाग्रीहरू ऐतिहासिक घटनाक्रमको तस्वीरहरू, घटनास्थलहरूको फोटोहरू, ऐतिहासिक सत्य तथ्य उल्लेख गरिएका पत्रपत्रिकाको कटिङ्हरूको खोजी कार्य गर्ने र पत्ता लगाउन कठिन भएको कुरा व्यक्त गरिएको थियो ।
- सबै विद्यालयहरूमा आन्तरिक मुल्याङ्कनलाई खासै महत्त्व नदिएको विद्यार्थीहरूलाई पृष्टपोषण दिने कार्य न्युन रहेको पाईयो ।
- शैक्षिक सामाग्रीको अभाव, शिक्षण सिकाई सम्वन्धि तालिमको अभाव, विभिन्न क्षमताका विद्यार्थीहरूलाई एकै ठाउँमा राखी अध्ययन गरिनु आदि शिक्षण सिकाईका मुख्य समस्या रहेको पाईयो । प्रधानध्यापकले नियमित रूपमा कक्षा अवलोकन नगरेको पाईयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनको क्रममा सल्यान जिल्ला अर्न्तगत पर्ने कोटमौला स्रोत केन्द्रमा संचालीत सामुदायिक माध्यामिक तथा उ.मा.वि. हरूमा सामाजिक विषयको शिक्षणको अवस्था सम्बन्धमा गरिएको अध्ययनको क्रममा देखिएका र सुचना संकलनबाट प्राप्त कुराहरूलाई विश्लेषण गर्दा निम्न अनुसारको निष्कर्ष निकालिएको छ ।

छनौटमा परेका माध्यामिक तथा मा.वि.मा सामाजिक विषय शिक्षकहरू सबै न्यूनतम शैक्षिक योग्यता पुगेका र तालीम प्राप्त भएको पाइयो । सामाजिक विषयप्रति विद्यार्थीहरूको सकारात्मक सोचाइ नै पाइयो । सामाजिक विषय शिक्षण गर्ने शिक्षकहरू सम्बन्धित विषयमा विशिष्टीकरण नगरेको तथा सबै जना अस्थायी भई शिक्षण गरिरहेको देखियो सामाजिक विषय शिक्षण जुन उद्देश्य र प्रतिक्रियाबाट हुनु पर्ने हो सोही अनुसार नभएको प्रतिक्रिया प्राप्तभयो । कक्षाकोठाको व्यवस्थापन, विद्यार्थी संख्या कक्षाकोठाको आकार अनुसार ठिक रहेको पाईयो । पाठ्यक्रम शिक्षक निर्देशिका तथा पाठयोजना बिना शिक्षण गर्ने गरेको देखिन्छ । सामाजिक विषयको शिक्षणका लागी आवश्यक पर्ने शैक्षिक सामग्री पर्याप्त मात्रामा उपलब्ध नहुनु, शैक्षिक सामग्रीको प्रयोग न्युन मात्रामा गरिनु शिक्षकले स्थानिय स्तरमा निर्माण गर्ने शैक्षिक सामग्रीको पनि निर्माण गरि प्रयोग गर्ने कुरा खासै चासो नदिनु, शिक्षण प्रक्रियामा विद्यार्थी केन्द्रित शिक्षण विधि भन्दा शिक्षक केन्द्रित शिक्षण विधि बढी मात्रामा प्रयोग गरिनु, सामाजिक शिक्षकलाई पेशागत सुविधा र प्रोत्साहन नहुनु, कक्षा शिक्षणमा मुल्याङ्कन प्रतिक्रिया कम अपनाउनु, शिक्षकलाई तालिमको व्यवस्था नहुनु साथै शिक्षणमा विद्यार्थीको रुची, क्षमता र स्तरलाई ख्याल

नगरेको पाईयो । यी विविध कारणहरूले गर्दा सामाजिक विषय शिक्षण प्रभावकारी हुन नसकेको देखिन्छ । प्रधानाध्यापकले पनि नियमित रूपमा कक्षा सुपरिवेक्षण नगर्ने गरेको देखियो । निष्कर्षमा के भन्न सकिन्छ भने उक्त समस्या तथा कमजोरी हरूलाई समाधान गर्न तथा सुधार गर्नका लागी विद्यार्थीहरू, शिक्षकहरू, प्रशासकहरू, विषयविज्ञहरू, अभिभावकहरू, सरकारी पक्ष लगायतका शिक्षासँग सम्बद्ध सरोकारवाला पक्षहरू आ-आफ्नो स्थानबाट निष्ठापुर्वक लाउनु पर्ने देखिन्छ । तब मात्र माथि उल्लेखीत समस्याहरू त्था कमजोरीहरू निराकरण गरि कक्षा १० को सामाजिक विषय शिक्षण प्रभावकारी रूपमा सञ्चालन गर्न सकिन्छ र अपेक्षित उद्देश्य हासिल गरि विद्यार्थीको व्यवहारमा सहि रूपले परिवर्तन गराउन सकिन्छ ।

## ५.३ सुझावहरू

अध्ययन अनुसन्धानका क्रममा कक्षा-१० को सामाजिक विषय शिक्षण प्रभावकारी रूपले सञ्चालन गर्नको लागि प्राप्त गरिएका सुचनाहरूको विश्लेषणबाट पाइएका प्राप्ती तथा निष्कर्षका आधारमा निम्नुसार सुझावहरू दिईएको छ ।

- शैक्षिक योजना निर्माण र प्रयोग साथै शैक्षिक सामग्री निर्माण र प्रयोगमा सामाजिक शिक्षकलाई तालिमको व्यवस्था मिलाउने ।
- सबै विद्यालयहरूमा सामाजिक विषय शिक्षणका लागी आवश्यक पर्ने शैक्षिक सामग्री, सन्दर्भ पुस्तक तथा विभिन्न पत्रपत्रिकाहरूको व्यवस्था गरिनु पर्ने ।
- विद्यालयमा कक्षाकोठाको उचित व्यवस्थापन गर्न विद्यालयमा उपलब्ध स्रोत र साधनलाई उचित परिचालन गरि तिनिहरूको संरक्षण गर्ने व्यवस्था मिलाउने ।
- पाठ्यक्रम र शिक्षक निर्देशिकाको प्रयोग तथा पाठयोजना निर्माण गरी अध्ययन गर्न लगाउने । परम्परागत रूपमा व्याख्यान विधिबाट शिक्षण गरिदै आएको परिपाटिको अन्त तथा पाठ्यवस्तुको प्रकृति अनुरूप शिक्षण विधिहरू प्रदर्शन समस्या समाधान, खोज, क्षेत्रभ्रमण, अभिनय जस्ता विधिहरले छनौट गरि शिक्षण गरिनु पर्ने देखिन्छ ।
- माध्यमिक तहका सामाजिक शिक्षकहरूलाई पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका पाठयोजना निर्माण कक्षाकोठा व्यवस्थापन सम्बन्धी जानकारी प्रथान गर्न समयमा सम्बन्धित पक्षहरूले गोष्ठि सेमिनार तथा छलफल कार्यक्रमहरू संचालन गरी अनिवार्य सहभागी गराउनु पर्दछ । जसले सामाजिक शिक्षकलाई अझ प्रभावकारी ढंगले शिक्षण गर्नमद्दत मिल्दछ ।
- राज्यद्वारा शिक्षा नीतिमा स्थिरता हुनुपर्दछ तर पाठ्यक्रम परिवर्तनको सँगसँगै शैक्षिक सामग्री तथा शिक्षक निर्देशिकाको व्यवस्था गरिनु पर्दछ ।
- समसामायिक घटना क्रमहरूको जानकारी संकलन गरी शिक्षकले विधार्थीहरूलाई जानकारी गराउनु पर्दछ । विद्यार्थीहरूलाई पनि विभिन्न संचारका माध्याम मार्फत यस्ता सूचनाहरू संकलन गर्ने कार्यमा प्रोत्साहित गराइनुपर्दछ

- सामाजिक विषय बहुविधागत विषयको एककिृत रूप भएकोले सामाजिक गतिविधि परम्परा, धर्म संस्कृति, भौगौलिक वातावरण विकासका पूर्वाधार, पर्यटन उद्योग जस्ता विषयवस्तुको जानकारी गराउनको लागि गाउँ सामाज शहर जस्ता विभन्न स्थानमा स्थानीय स्तरमा लघु क्षेत्र भ्रमण कार्यक्रमहरूशिक्षकको सहयोगमा पाठको प्रकृति अनुसार गरिरहनुपर्दछ ।

- विद्यालयमा कक्षा व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाई दिनु विद्यालय व्यवस्थापन समिति तथा विद्यालय प्रशासन सक्रिय हुनुपर्दछ ।

- विद्यालय संचालन गरिने विभिन्न किसिमका परीक्षाहरू प्रभाकारी रूपले संचालन गर्न विघार्थी मूल्यङ्कंकनलाई पारदर्शी बनाइनु पर्दछ । वास्तवमा मूल्यङ्कंकनको उचित साधानको प्रयोगबाट नै विद्यार्थीहरूमा अपेक्षत उद्देश्य प्राप्त भयो वा भएन भन्ने जानकारी प्राप्त गरी शिक्षकले विद्यार्थीलाई पृष्ठपोषण प्रदान गरिनु पर्दछ ।

- कक्षा शिक्षण गर्दा विद्यार्थीहरूले विषयवस्तु बुझे वा बुझेनन् भनी लेखाजोख गर्न निरन्तर विद्यार्थी मूल्यङ्कंकन गरी आवश्यकता अनुसार पृष्ठपोषण प्रदान गर्नुपर्दछ ।

- विद्यार्थीहरूलनई बढीभन्दा बढी अभ्यास गराउने र गर्ने बानीको विकास गर्नुका साथै विद्यार्थीहरूले गरेको गृहकार्यको मूल्यङ्कन गरी थप विद्यार्थीहरूलाई हौसला प्रदान गर्ने गर्नु पर्दछ ।

- सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाई आप्नो शिक्षण पेशा र कर्तव्यप्रति बढि उत्तरदायी तथा जिम्मेवार बनाउन सम्बन्धित निकायले निरिक्षण एवम् अनुगमन प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भग्रन्थ सूची


अधिकारी, विष्णुप्रसाद, पौडेल, आनन्द (२०६५), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* भोटाहिटी, काठमाडौं : आशिष पुस्तक भण्डार ।

अधिकारी, विष्णु प्रसाद (२०६६), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* भोटाहिटी, काठमाडौं : आशिष पुस्तक भण्डार ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५), *उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* केशरमहल, काठमाडौं, नेपाल ।

खनाल पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति, कीर्तिपुर,* काठमाडौं : स्टुडेन्ट बुक्स पब्लिसर्स एण्ड डिष्टिव्युटर्स ।

खनाल, लोकराज (२०६७), *माध्यमिक तहमासामाजिक अध्ययन शिक्षण,* अप्रकाशित शोधपत्र, त्रि.वि. शिक्षाशास्त्रसंकाय, कीर्तिपुर, काठमाडौं ।

ढकाल, माधवप्रसाद (२०६५), *शिक्षाको दर्शनशासास्त्री एव. समाज शास्त्रीय आधार,* भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पनेरु, दानबहादुर (२०६५), *माध्यमिक तहमा सामाजिक शिक्षाको शैक्षणिक अवस्था,* अप्रकाशित शोत्रपत्र, त्रि.वि., कीर्तिपुर, काठमाडौं ।

पाण्डे, रामकुमार (२०५३), *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,* भोटाहिटी, काठमाडौं : रत्नपुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०३८), *माध्यमिक शिक्षा पाठ्यक्रम २०३८, शिक्षा तथा संस्कृतिक मन्त्रालय,* हरिहरभवन, काठमाडौं : पाठ्यक्रम पुस्तक तथा निरीक्षण कन्द्र ।

पाठ्यक्रम विकास केन्द्र, (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम,* २०६४, शिक्षा तथा खेलकूद मन्त्रालय, सानोठिठी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६६), *शिक्षा वार्षिक पत्रिका,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, नेपाल सरकार

पौडेल, लेखनाथ (२०५१), *शैक्षिक प्रक्रिया र नेपालमा शिक्षा,* पुतली सडक, काठमाडौं : प्रतिभा पुस्तक भण्डार ।

बलाएर, भोजबहादुर (२०६४), *शिक्षकको पेशागत अभिवृद्धि कार्यगत अनुसन्धानको सहयोग,* शिक्षक शिक्षा, सानोठिमी भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

बाग्ले, मनप्रसाद र अन्य (२०५५), *शिक्षाको प्रारम्भिक परिचय,* भोटाहिटी, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरिञ्जिवी र शर्मा, निर्मला (२०६६), *पाठ्यक्रम र मूल्याङ्कन,* भोटाहिटी, काठमाडौं : एम.के. पब्लिकेशन ।

शर्मा, चिरिञ्जिवि र शर्मा निर्मला (२०६७), *शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार,* भोटाहिटी काठमाडौं : एम के पब्लिकेसन ।

शर्मा चिरिञ्जिवि, शर्मा, निर्मला (२०६६), *शैक्षणिक विधि,* भोटाहिटी, काठमाडौ.: एक.के. पब्लिकेशन ।

*शिक्षा नियमावली* (२०५९), काठमाडौं : बौद्धिक दर्शन प्रकाशन, केशरमहल, शिक्षा मन्त्रालय ।

शिक्षाविभाग (२०६५), *सामाजिक अध्ययन शिक्षण पुरक सामग्री माध्यमिक तह,* सानोठिमी भक्तपुर ।

शिक्षा वार्षिक पत्रिका (२०६६), *नेपाल सरकार शिक्षा मन्त्रालय,* सानोठिमी, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

शिक्षक शिक्षा (२०६४, २०६५, २०६६, २०६७), *नेपाल सरकार शिक्षा मन्त्रालय,* सानो ठिमी, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र ।

सापकोटा, गजेन्द्र (२०६७), *माध्यमिक तहको अनिवार्य विषयहरूमा शिक्षण सिकाइ क्रियाकलाप,* अप्रकाशित शोधपत्र, त्रि.वि. शिक्षाशास्त्रसंकाय, कीर्तिपुर, काठमाडौं ।

सिंह, नागेश्वर (२०६५), *शिक्षाका आधारहरू,* रामशाहपथ, काठमाडौं : पैरवी प्रकाशन ।

Best, J.W. and Khan J.V. (2009). *Research in Education*, New Delhi: Prentice Hall of India Pvt.Ltd.

CERID (June 12-16, 1969), *Better Training for better Pupil Achievement Paper Presentation in National Workshop (A Workshop Report).* Kathmandu: T.U. CERID.

Print, Murray (1993), *Curriculum Development and Design*. Austrilia, Allen and Unwin Pvt. Ltd.

Shrestha, Kedar Nath (1982). *Educational Experiment in Nepal*, Sanothimi, Bhaktpur: IOE, T.U.

**अनुसूची 'क'**

**अध्ययनका लागि छनौट गरिएका विद्यालय**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | श्री भानुभक्त उच्च मा.वि. | दमाचौर - ३, सल्यान |
| २ | श्री कालिका मा.वि. | कोटमौला - ३, सल्यान |
| ३ | श्री शिशुजागरण मा.वि. | काटेमौंला -८, सल्यान |
| ४ | श्री महेन्द्र मा.वि. | पिपलनेटा -४, सल्यान |

**अनुसूची 'ख'**

**छनौटमा परेका विद्यालयका प्रधानाध्यापकको विवरण**

| क्र.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | ठेगाना |
|---|---|---|---|
| १ | श्री भानुभक्त उच्च मा.वि. | इश्वरी प्रसाद शर्मा | दमाचौर - ४, सल्यान |
| २ | श्री कालिका मा.वि. | रत्नलाल बुढाथोकी | कोटमौला - ३, सल्यान |
| ३ | श्री शिशुजागरण मा.वि. | केवल राम वली | काटेमौंला -८, सल्यान |
| ४ | श्री महेन्द्र मा.वि. | विष्णु प्रसाद अधिकारी | पिपलनेटा -६, सल्यान |

**अनुसूची 'ग'**

**छनौटमा परेका विद्यालयका शिक्षकहरू को विवरण**

| क्र.सं. | शिक्षकहरूको नाम | ठेगाना | विद्यलाय |
|---|---|---|---|
| १ | टंक बहादुर पुन | दमाचौर - ९, सल्यान | श्री भानुभक्त उच्च मा.वि. |
| २ | मुक्तिनाथ शर्मा | कोटमौला - २, सल्यान | श्री कालिका मा.वि. |
| ३ | तिलक बहादुर वली | काटेमौंला -८, सल्यान | श्री शिशुजागरण मा.वि. |
| ४ | खुमानन्द के.सी. | पिपलनेटा -५, सल्यान | श्री महेन्द्र मा.वि. |

**अनुसूची 'घ'**

**छनौटमा परेका विद्यालयका विद्यार्थीहरूको नामावली**

| क्र.सं. | विद्यार्थीहरूको नाम | छात्र/छात्रा | विद्यलाय |
|---|---|---|---|
| १ | यादव भण्डारी | छात्र | श्री भानुभक्त उच्च मा.वि. |
| २ | राजेन्द्र चन्द | छात्र | श्री भानुभक्त उच्च मा.वि. |
| ३ | राजेश भण्डारी | छात्र | श्री भानुभक्त उच्च मा.वि. |
| ४ | हिमराज वली | छात्र | श्री भानुभक्त उच्च मा.वि. |
| ५ | मिणा पुन | छात्रा | श्री भानुभक्त उच्च मा.वि. |
| ६ | पविता वली | छात्रा | श्री भानुभक्त उच्च मा.वि. |
| ७ | कमला वली | छात्रा | श्री भानुभक्त उच्च मा.वि. |
| ८ | शुसिला वि.क. | छात्रा | श्री भानुभक्त उच्च मा.वि. |
| ९ | देव बहादुर मल्ल | छात्र | श्री कालिका मा.वि. |
| १० | नवराज चन्द | छात्र | श्री कालिका मा.वि. |
| ११ | विरेन्द्र चन्द | छात्र | श्री कालिका मा.वि. |
| १२ | रेशम वि.एम. | छात्र | श्री कालिका मा.वि. |
| १३ | रेखा के.सी. | छात्रा | श्री कालिका मा.वि. |
| १४ | अस्मिता योगी | छात्रा | श्री कालिका मा.वि. |
| १५ | कमला वि.क. | छात्रा | श्री कालिका मा.वि. |
| १६ | विजया गिरी | छात्रा | श्री कालिका मा.वि. |
| १७ | भरत वली | छात्र | श्री शिशुजागरण मा.वि. |
| १८ | गोरख वली | छात्र | श्री शिशुजागरण मा.वि |
| १९ | वालाराम डाँगी | छात्र | श्री शिशुजागरण मा.वि |
| २० | केशर वली | छात्र | श्री शिशुजागरण मा.वि |
| २१ | उर्मिला डाँगी | छात्रा | श्री शिशुजागरण मा.वि. |
| २२ | शुशिला वली | छात्रा | श्री शिशुजागरण मा.वि. |
| २३ | इश्वरी डाँगी | छात्रा | श्री शिशुजागरण मा.वि. |
| २४ | पवित्रा डाँगी | छात्रा | श्री शिशुजागरण मा.वि. |
| २५ | विष्णु के.सी. | छात्र | श्री महेन्द्र मा.वि. |
| २६ | हरिहर खड्का | छात्र | श्री महेन्द्र मा.वि. |
| २७ | गोपाल सुनार | छात्र | श्री महेन्द्र मा.वि. |
| २८ | दामोदर सुनार | छात्र | श्री महेन्द्र मा.वि. |
| २९ | विपना अधिकारी | छात्रा | श्री महेन्द्र मा.वि. |
| ३० | रूपा खड्का | छात्रा | श्री महेन्द्र मा.वि. |
| ३१ | इन्द्रा के.सी. | छात्रा | श्री महेन्द्र मा.वि. |
| ३२ | रुवी खड्का | छात्रा | श्री महेन्द्र मा.वि. |

# अनुसूची ङ

## प्रधानाध्यापकका लागि अन्तर्वार्ता प्रश्नावली

**विद्यालयको नाम :** 
**तालिम :**

**प्रधानाध्यापकको नाम :** 
**अवधि र प्रकार :**

**योग्यता :** 
**अनुभव वर्ष :**

१. तपाईको विद्यालयमा शिक्षकको संख्या कति छ ?

......................................................................................

२. शिक्षण विद्यार्थी अनुपात कति छ ?

......................................................................................

३. कति शिक्षकहरूले न्युनतम योग्यता पुरा गरेका छन् ?

......................................................................................

४. के कक्षा १० को सामाजिक विषय अध्यापनरत शिक्षकहरू सम्बन्धित विषयमा विशिष्टिकरण गरेका छन् ?

......................................................................................

५. विद्यालयमा कक्षा अवलोकन गर्नुहुन्छ ?

......................................................................................

६. कक्षा अवलोकन गर्दा शिक्षण उपयुक्त भएको पाउनु भएको छ ?

......................................................................................

७. कक्ष शिक्षणमा सामाजिक विषय अध्यापन गर्दा कुन कुन विधिहरूको प्रयाग गरिँदै आएको छ ?

......................................................................................

८. कक्षा अवलोकन नगरेको भए किन ?

......................................................................................

९. शिक्षकहरू कक्षाकोठामा कस्ता कस्ता क्रियाकलापहरू गर्ने गर्दछन् ?

......................................................................................

१०. तपाइको विद्यालयमा पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध छन् ?

......................................................................................

११. यदि उपलब्ध छन भने कहाँबाट कसरी जुटाउनु भएको छ ?

......................................................................................

१२. तपाईको विद्यालयमा सबै शिक्षकहरू तालिम प्राप्त छन् ?

..........................................................................................

१३. शिक्षकहरूलाई तालिममा पठाउने गर्नु भएको छ ?

..........................................................................................

१४. तालिममा पठाउँदा छनौट गर्ने आधार के हो ?

..........................................................................................

१५. तालिममा पठाइएका शिक्षकले अध्यापन विद्यालयमा कसरी गर्नहुन्छ ।

..........................................................................................

१६. तालिमबाट प्राप्त, ज्ञान, सीप र अनुभवलाई शिक्षणमा प्रयोग गरे नगरेको कसरी मूल्याङ्कन गर्नुहुन्छ ?

..........................................................................................

१७. उपयुक्त शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न तपाई कसरी सहयोग गर्नुहुन्छ ?

..........................................................................................

१८. सामाजिक विषयको कक्षा शिक्षणप्रति तपाइको धारणा कस्तो छ ?

..........................................................................................

१९. शिक्षण सिकाइ क्रियाकलापमा के कस्ता समस्याहरू देखिएका छन् ?

..........................................................................................

२०. त्यस्ता समस्याहरूमा कमी ल्याउयन कस्ता कस्ता प्रयासहरू गर्दै आउनु भएको छ ?

..........................................................................................

२१. विद्यालयको शिक्षणलाई प्रभावकारी बनाउन के कस्ता उपायहरू अपनाउनु पर्ला ? तपाईको राय सुझाव के छ ?

..........................................................................................

## अनुसूची च

## शिक्षकको अर्न्तवार्ताको लागि तयार पारिएको प्रश्नावली

**विद्यालयको नामः** **स्थायी ठेगानाः**

**शिक्षकको नामः** **योग्यताः**

**अनुभव वर्षः**

१. तपाईको विद्यालयमा शिक्षक निर्देशिका अनुसार सामाजिक विषय शिक्षणका लागी आवश्यक पर्ने शैक्षिक सामाग्रीहरू उपलब्ध छन् ?

२. शैक्षिक सामाग्रीको व्यवस्थापन कसरी गर्नुभएको छ ?

३. स्थानीय शैक्षक सामाग्रीहरूको निर्माण गर्नुहुन्छ वा हुँदैन ? हुन्छ भने के कसरी गर्नुभएको छ ?

४. शैक्षिक सामाग्रीहरूको व्यवस्थापन गर्न विद्यालय प्रशासनलाई कत्तिको दबाव दिनुभएको छ ?

५. कक्षा शिक्षण गर्दा शैक्षिक सामाग्रीहरूको प्रयोग कत्तिको गर्नुहुन्छ ?

६. शैक्षिक सामाग्रीहरूको प्रयोग गर्दा के कस्ता समस्याहरू भ्केल्नुभएको छ ?

७. शैक्षिक सामाग्रीहरूको प्रयोग गरी शिक्षण गर्दा र नगरी शिक्षण गर्दा शिक्षण सिकाइमा के कस्ता भिननता पाउनु भएको छ ?

८. तपाईलाई थाहा भएका सामाजिक विषयमा प्रयोग गर्ने शिक्षण विधिहरू के के हुन् ?

९. तपाईलाई यो विषय पढाउन सजिलो लाग्दछ की असजिलो लाग्दछ ? किन ?

१०. सबैभन्दा बढी शैक्षक सामाग्री कुन एकाइको लागि आवश्यक पर्दछ ? किन ?

११. सामाजिक विषय शिक्षण गर्दा कुन कुन शिक्षण विधीहरू प्रयोग गर्नुहुन्छ ? तपाईले कुन विधि प्रयोग गरी सजिलै बुझाउन सक्नुहुन्छ ?

१२. यो विषय शिक्षण गर्दा आवश्यक पर्ने विधि र सामग्रीहरूको प्रयोग गर्न नसक्नुका कारणहरू के के छन् ?

१३. यस विषय शिक्षणका समस्याहरू समाधान गर्न के कस्ता उपायहरू अपनाउने गर्नुभएको छ ?

१४. सामाजिक विषय शिक्षणका लागी तपाईले कुन कुन योजनाको निर्माण गर्नुभएको छ ? त्यसको प्रयोग कसरी गर्नुभएको छ ?

१५. तपाईले कक्षाकोठामा शिक्षण गर्दा सिकाई क्रियाकलाप कसरी प्रारम्भ गर्नुहुन्छ ?

१६. तपाईले कक्षाकोठामा सिकाई क्रियाकलाप गर्दा विद्यार्थीहरूलाई उत्प्रेरित गर्न के के गर्नुहुन्छ ? किन ?

१७. तपाईको सामाजिक विषयप्रतिको धारणा के कस्तो छ ? किन ?

१८. विद्यार्थीहरू सामाजिक विषय पढ्न चाख मान्दछन् वा मान्दैनन् ? किन ?

१९. तपाईले शिक्षक निर्देशिका प्रयोग गर्नुहुन्छ की हुदैन ? यदि प्रयोग गर्नुहुन्छ भने सबै एकाईमा प्रयोग गर्नुहुन्छ त ?

२०. तपााईले पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुहुन्छ ? कत्तिको ?

२१. शिक्षक निर्देशिका अनुसार क्रियाकलाप गराउन समय पर्याप्त हुन्छ ?

२२. तपाई शैक्षिक सामग्रीको दैनिक निर्माण र प्रयोग गर्नुहुन्छ वा हुँदैन ?

२३. विद्यार्थीहरूको मूल्याङकन कसरी गर्नुहुन्छ ?

२४. विद्यार्थीहरूलाई गृहकार्य दिनुहुन्छ ? सच्चयाउने गर्नुहुन्छ ?

२५. मा.वि. तहको सामाजिक पाठ्यक्रम विद्यार्थीहरूको स्तर अनुसार छ वा छैन ?

२६. तपाईले एक दिनमा कति पिरिउड पढाउनु हुन्छ ? सामाजिक विषय हप्तामा कति पिरियड पढाउनु हुन्छ ?

२७. के तपाई तालीमप्रप्त हुनुहुन्छ ?

२८. तालिमबाट सिकेका कुराहरू प्रयोगमा ल्याउनु भएको छ ?

२९. तपाईले लिनुभएको तालिम कत्तिको प्रभावकारी ठान्नु भएको छ ?

३०. शैक्षिक सामग्रीको प्रयोग गर्दा र नगर्दा सिकाई क्रियाकलापबाट प्राप्त उपलब्धीमा के कस्तो अन्तर पाउनु भएको छ ?

३१. सामाजिक विषयलाई प्रभावकारी रूपमा शिक्षण गर्न के गर्नु पर्ला ?

# अनुसूची छ

## कक्षा अवलोकन फाराम

**शिक्षकको नामथर :** 
**विद्यालयको नाम :**
**योग्यता :**
**ठेगाना :**
**तालिम :** छ/छैन
**कक्षा :**
**तालिमको प्रकार**
**विषय :**
**शिक्षण अनुभव**
**पाठ :**

| क्र.सं. | विषय | अत्युत्तम | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|---|
| १ | कक्षा व्यवस्थापन<br>(क) प्रकाशको व्यवस्थाप<br>(ख) बेन्च डेस्कको रखाई<br>(ग) विद्यार्थीको बसाई<br>(घ) कक्षाकार्यका लागि बाटो | | | | |
| २ | कक्षाकोठाको सुरुवात<br>(क) पुनरावलोकन गरेर<br>(ख) सम्बन्धित पाठ शीर्षक नै सुरु गरेर<br>(ग) प्रश्नोत्तर गरेर<br>(घ) कक्षा, कविता वा अन्यबाट<br>(ङ) समय | | | | |
| ३ | शिक्षण क्रियाकलाप<br>(क) व्याख्यान<br>(ख) प्रदर्शन<br>(ग) प्रश्नोत्तर<br>(घ) विषयवस्तु अनुरूप हाउभाउ<br>(ङ) विद्यार्थीलाई प्रोत्साहन<br>(च) विद्यार्थी सक्रियता<br>(छ) विद्यार्थी अनुशासन | | | | |
| ४ | कक्षा समाप्ती<br>(क) सारांश,<br>(ख) विद्यार्थी मूल्याङ्कन<br>(ग) पृष्ठभूमि प्रधान<br>(घ) गृहकार्य | | | | |

## अनुसूची ज

## विद्यार्थी समूह छलफल प्रश्नावली नमूना

१. तपाईलाई सामाजिक विषय पढ्न मनलाग्दछ वा लाग्दैन ? पढ्न मन लाग्दछ भने किन र लाग्दैन भने किन ?

२. सामाजिक विषयको शिक्षण कसरी भैरहेको छ ?

३. सामाजिक शिक्षकले पढाँउदा शैक्षिक साम्रीहरूको प्रयोग गर्नुहुन्छ वा हुदैन ? गर्नुहुन्छ भने सबै पाठमा गर्नुहुन्छ वा हुदैना ?

४. सामाजिक विषयमा तपाईलाई सबैभन्दा बढी मनपर्ने र मन नपर्ने एकाई कुन हो ? किन ?

५. शैक्षिक सामाग्री प्रयोग गरी शिक्षण गर्दा र नगरी शिक्षण गर्दा के भिन्नता पाउनु हुन्छ ?

६. सामाजिक शिक्षा शिक्षण गर्दा शिक्षकले कुन कुन विधि बढी प्रयोग गर्नुहुन्छ ?

७. शिक्षकले कुन कुन विधि प्रयोग गरी शिक्षण गर्दा प्रष्ट बुझ्न सकिन्छ ?

८. सामाजिक विषय अध्ययन गर्न सजिलो लाग्दछ वा लाग्दैन ? लाग्नु र नलाग्नुको कारण के होला ?

९. शिक्षकले शिक्षण गर्दा प्रश्नहरू सोध्नु हुन्छ वा हुदैन ? साध्नु हुन्छ भने कुन कुन बेला साध्नु हुन्छ ?

१०. यो विषयलाई शिक्षण गर्दा शिक्षकले के कस्ता क्रियाकलाप गर्नुहुन्छ ?

११. शिक्षकले अध्यापन गरिसकेपछि गृहकार्य दिनुहुन्छ वा हुदैन ? दिनुहुन्छ भने दैनिक रूपमा दिनुहुन्छ कि नियमित ?

१२. शिक्षण गराईसकेपछि पाठको सारांश बताउनुहुन्छ वा हुँदैन ?

१३. सामाजिक शिक्षक कक्षामा पुरै पिरियड (घण्टी) बिताउनु हुन्छ ?

१४. सामाजिक विषय पढ्न के कस्ता समस्याहरू आइपरेका छन् ?

१५. तिमीहरूले शैक्षिक सामग्रीहरू बनाएर ल्याउने गरेका छौं ?

१६. तपाईले कुनै स्थानको अवलोकन गर्नु भएको छ ?